
www.janasawal.com

# जनसवाल

JANASAWAL NATIONAL DAILY

राष्ट्रिय दैनिक




वर्ष १८, अंक २६७, २०८२ असार २० गते शुक्रबार (नेपाल संवत ११४५) (Friday, 4 July, 2025) मूल्य रू. ५/- पृष्ठ ८

# संसदीय व्यवस्थाप्रति प्रचण्डको कडा प्रहार

## 'खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने प्रणाली' भएको टिप्पणी



काठमाडौं (जस)-प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संसदीय व्यवस्था 'खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने प्रणाली' भएको टिप्पणी गरेका छन् । बिहीबार काठमाडौंमा आयोजित समाजवादी दर्शनको रूपरेखा नामक पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले यस्तो टिप्पणी गरेका हुन्। उनले जनवादी क्रान्तिको क्रममा मार्क्सवाद प्रचार गर्दा संसदीय व्यवस्था भनेको खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने सिस्टम हो भन्ने भनाइ निकै प्रचार गरिएको स्मरण गराए ।

हाल समितिको प्रतिवेदनमाथि भइरहेको छेडखानी त्यस्तै प्रकृतिको भएको उल्लेख गरे । निजामती विधेयकमा कुलिङ पिरियडसम्बन्धी विषय उठाउँदै प्रचण्डले देखाउँदा खसीको टाउको देखाइए पनि बेच्दा कुकुरको मासु बेचिएझैं व्यवहार देखिएको टिप्पणी गरे ।

उनले भने, 'अहिले तपाई हामी हेर्‍यौं भने संविधानमा निर्दिष्ट गरिएका मूलभूत मान्यतालाई इमानदारिताका साथ प्रयोग गर्ने एउटा विचार, एउटा प्रवृत्ति छ भने, अर्को संविधानमा भएका सबै सकारात्मक, प्रगतिशील र लोकप्रिय कुराहरू उल्ट्याउने र त्यसलाई प्रतिक्रियावादी अनुकूल बनाउने कसरत वा लडाइँ चलिरहेको छ । हामीले हिजो जनवादी क्रान्तिको क्रममा मार्क्सवाद प्रचार गर्दा भन्थ्यौँ-संसदीय व्यवस्था भनेको खसीको टाउको झुण्ड्याउने र कुकुरको मासु बेच्ने सिस्टम हो भनेर खुब प्रचार गरिएको थियो । अहिले भइरहेको समितिका प्रतिवेदनमाथिका छेडखानीहरू त्यस्तै हुन् । देखाउँदा खसीको टाउको देखाइएको छ-लोकतन्त्र, तर बेच्दा कुकुरको मासु बेचिएको छ भित्रभित्रै । त्यस्तै चिज चलिराखेकै छ ।' अध्यक्ष प्रचण्डले आफू सरकारमा रहँदा हरेक पटक समाजवादतर्फ लैजाने बल गरेका दाबी गरे । उनले नेपालमा पुँजीवादी जनवादी क्रान्तिको प्रमुख कार्यभार पूरा भइसकेको उल्लेख गर्दै नेपाली समाज अब समाजवादी क्रान्तिको चरणमा प्रवेश गरिसकेको बताए । समाजवादको जग बसाल्न कम्युनिस्टहरूले नै अगुवाइ गर्नुपर्ने धारणा पनि उनले राखेका छन् ।

## विपद् व्यवस्थापनमा चार बुँदे निर्देशन जारी




काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले सम्भावित प्राकृतिक विपद्–विशेषगरी बाढी र पहिरोबाट हुन सक्ने क्षति न्यूनीकरण तथा व्यवस्थापनका लागि सक्रिय रुपमा तयारी थालेको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र महासचिव देव गुरुङले बुधबार एक परिपत्र जारी गर्दै मातहतका सबै पार्टी संरचनालाई तत्कालै कार्यान्वयनमा लग्न निर्देशन दिएका छन् । वर्षायाममा देशका विभिन्न पहाडी तथा तराई भू-भागमा बाढी, पहिरो, डुबानजस्ता विपद् दोहोरिने क्रम बढिरहेको सन्दर्भमा माओवादी केन्द्रले यसलाई गम्भीरतापूर्वक लिँदै आफ्नो संगठन भित्रैबाट व्यापक व्यवस्थापन प्रयास अघि सारेको हो ।

पार्टीको विपद् व्यवस्थापन विभागको सिफारिसका आधारमा अध्यक्ष प्रचण्डले अविलम्ब लागू गर्नुपर्ने चार बुँदे निर्देशनसहित परिपत्र जारी गराएका हुन् ।नेपाली राजनीतिक दलहरू प्रायः चुनाव र सत्ता राजनीति केन्द्रित हुने गरेको आरोप खेपिरहेका बेला माओवादी केन्द्रको यो पहल एउटा फरक अभ्यासको रूपमा देखिएको छ । वर्षायाममा जनता सुत्न सक्दैनन्, घर बग्छन्, बाटो बन्द हुन्छ, जनधनको क्षति हुन्छ । यस्ता कठिन परिस्थितिमा प्रत्यक्ष रूपमा राजनीतिक दलको सामाजिक उत्तरदायित्व देखाउने प्रयास सराहनीय छ ।

बाँकी पृष्ठ २ मा

# निजामती विधेयकमा तोडमोड प्रकरण

## छानबिन समिति गठनबारे सभामुखले गरे छलफल


काठमाडौं (जस)-संघीय निजामती सेवा विधेयक २०८० ' मा व्यवस्था गरिएको 'कुलिङ अफ पिरियड' सम्बन्धीको व्यवस्था छेडखानी गरिएको विषयमा छानबिन समिति गठन गर्नेबारे सभामुख देवराज घिमिरेले प्रमुख दलसँग छलफल गरेका छन्। सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा बिहीबार दिउँसो सभामुख घिमिरेले एमाले मुख्य सचेतक महेशकुमार बर्तौला, कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेसँग छलफल गरेका हुन् । छलफलमा उपसभामुख इन्दिरा राना समेत सहभागी भइन् ।



सभामुखले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १८० बमोजिमको समिति गठन गर्न प्रस्ताव गरेका छन् । उनले समितिले गर्नुपर्ने काम र सोको समयावधि तथा समितिमा रहने सदस्यको नामावलीबारे दलहरूको प्रस्ताव समेत माग गरे । प्रमुख दलहरूले संसदीय छानबिन समिति गठन गर्न नै उपयक्त हुने सुझाव दिएका छन् । उनीहरूले विधेयकको व्यवस्था तोडमोड गरिएको विषय व्यवस्थापिकाको भएकाले सरकारको धारणा माग गर्न आवश्यक नभएको बताए । तीनवटै प्रमुख दलका नेताहरूले आ-आफ्ना दलसँग छलफल गरेर सभामुखलाई जानकारी गराउने बताएका छन् । आगामी असार २३ गते बस्ने प्रतिनिधिसभाको बैठक अगावै दलहरूबीच समझदारी गरेर कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामा समितिको प्रस्ताव गर्ने दलहरूबीच सहमति भएको छ । राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले बुधबार बसेको समितिको बैठकका निर्णयबारे मौखिक जानकारी गराए पनि औपचारिक जानकारी नआएको संघीय संसद् सचिवालयले जानकारी गराएको छ । रास्वपाले निजामती सेवा विधेयकमा रहेको कुलिङ पिरियडको प्रावधानमाथि भएको हेरफेरबारे छानबिन गर्न उच्चस्तरीय संसदीय छानबिन विशेष समिति गठन गरिनुपर्ने माग गरेको छ। बिहीबार बसेको रास्वपा सचिवालय बैठकले संसदको सार्वभौम भूमिकामाथि प्रहार हुने गरी विधेयकको प्रावधान नै तलमाथि पार्न खोजिनुलाई अनदेखा गर्न नमिल्ने निष्कर्ष निकालेको महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । 'कुलिङ पिरियड प्रावधान हेरफेरमा सार्वभौम संसदमाथि प्रहार भएको छ । यसलाई अनदेखा गर्न मिल्दैन, यो प्रकरणमा उच्चस्तरीय संसदीय छानबिन विशेष समिति बनाउनु पर्छ,' उनले भने, 'विधायकी अधिकारमाथि गम्भीर कुठाराघात भएको छ ।

# नौ महिनामा ५ लाखभन्दा बढी नयाँ करदाता थपिए

काठमाडौं(जस)-चालु आर्थिक वर्ष २०८१/८२ मा करदाताको सङ्ख्यामा वृद्धि भएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पहिलो नौ महिनामा मात्रै ५ लाख ७३ हजार ६८२ नयाँ करदाता कर प्रणालीमा आबद्ध भएका छन् । यो गत वर्षको सोही अवधिको तुलनामा करिब २२ हजारले बढी हो । नयाँ करदाता थपिएसँगै हालसम्म स्थायी लेखा नम्बर (प्यान) लिनेको कुल सङ्ख्या ६७ लाख ९९ हजार ८९५ पुगेको छ, जुन देशको करिब २३ प्रतिशत जनसंख्याले कर प्रणालीमा सहभागिता जनाइसकेको भन्ने अर्थमा लिइन्छ। यो तथ्यले आर्थिक गतिविधि क्रमशः औपचारिक प्रणालीमा आउँदै गएको स्पष्ट संकेत गरेको अर्थ मन्त्रालयको भनाइ छ ।




चैत मसान्तसम्मको तथ्याङ्क अनुसार, नयाँ करदातामध्ये व्यक्तिगत प्यान लिनेहरूको संख्या सबैभन्दा धेरै रहेको छ। यो अवधिमा ४ लाख ८० हजार ७० जनाले व्यक्तिगत स्थायी लेखा नम्बर लिएका छन्, जुन कुल नयाँ करदाताको ८४ प्रतिशत हो । रोजगारीमा आबद्ध व्यक्ति, व्यक्तिगत आम्दानी हुने नागरिक तथा परामर्श सेवा प्रदान गर्नेहरू मुख्यरूपमा यस श्रेणीमा पर्छन् । यसले औपचारिक रोजगारी र व्यक्तिगत आयको क्षेत्र विस्तार हुँदै गएको पुष्टि गर्छ । व्यावसायिक प्यान लिनेमा पनि उल्लेखनीय वृद्धि देखिएको छ । चालु आर्थिक वर्षको नौ महिनामा ९१ हजार ७७३ व्यवसायिक प्रतिष्ठान कर प्रणालीमा आबद्ध भएका छन्। यो देशमा बढ्दो उद्यमशीलता र व्यवसाय दर्ताको दरमा सकारात्मक संकेत मानिएको छ। त्यस्तै, कर कट्टी गर्ने निकायहरू पनि विस्तार भएका छन् । चैतसम्म १ हजार ८३९ नयाँ निकायले स्थायी लेखा नम्बर लिएका छन् । हालसम्म कुल करदातामध्ये ४७ लाख २७ हजार ७५४ जनाले व्यक्तिगत प्यान लिएका छन् भने व्यावसायिक प्यान लिनेको संख्या २० लाख ३५ हजार ८७४ पुगेको छ। कर कट्टी गर्ने निकाय भने ३५ हजार ९६७ रहेका छन् ।

प्यान नम्बर बाहेक मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क दर्तामा पनि उल्लेखनीय वृद्धि देखिएको छ । यो आर्थिक वर्षको नौ महिनामा १८ हजार ५६१ नयाँ करदाता भ्याट प्रणालीमा दर्ता भएका छन्, जसपछि कुल भ्याटदाता संख्या ३ लाख ४५ हजार १७८ पुगेको बाँकी पृष्ठ २ मा

# स्वदेश फर्किएर विकास र समृद्धिमा सघाउन प्रधानमन्त्रीको आग्रह



स्पेन । प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनस्थित प्रवासी नेपाली मञ्चका पदाधिकारी र प्रतिनिधिसँग अन्तरक्रिया गरेका छन् । स्पेनको सेभियामा संयुक्त राष्ट्रसंघको विकासका लागि वित्त सम्मेलनसँग सम्बन्धित कार्यक्रम सकिएपछि हाल मेड्रिडमा रहेका प्रधानमन्त्री एवम् नेकपा (एमाले) का अध्यक्ष ओलीसँग गए राति भेटघाट भएको हो । स्पेनका लागि नेपाली राजदूतको निवासमा भएको भेटमा एमाले निकट मञ्चका पदाधिकारीहरूले प्रधानमन्त्री ओलीलाई स्पेनमा स्वागत र सम्मानसहित प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपालमा भइरहेको विकास र समृद्धिको यात्राको सफलताको कामना पनि गरेका छन् । प्रधानमन्त्री ओलीले विदेशमा सिकेको ज्ञान, अनुभव र पुँजीलाई स्वदेशको विकास र समृद्धितर्फ प्रयोग गर्नेक्रम चलिरहेकाले नेपालमा फर्केर उपयुक्त पेसा व्यवसायमा संलग्न हुन आग्रह गरे । अध्यक्ष ओलीले मुलुकमा स्थिरता र विकासका लागि दुई ठुला दलको सहकार्यमा वर्तमान सरकार बनेको स्पष्ट गर्दै आफूहरूबीच भएको समझदारी बमोजिम समय आउनु केही साता अघि नै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले विषम परिस्थितिमा पनि आफूहरुले मुलुकलाई राजनीतिक निकास र स्थायित्व दिँदै आएको विगतलाई स्मरण गर्दै आगामी दिनमा पनि सहज निकास दिइने बताए । अहिलेको गठबन्धन र आफ्नो पार्टीभित्र बाहिर चर्चामा आए जस्तो कुनै समस्या र विवाद नभएको पनि उनले स्पष्ट पारे । बाँकी पृष्ठ २ मा

# रास्वपाले तोक्यो उम्मेदवारको मापदण्ड




काठमाडौं (जस)-राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कात्तिक १७ गते रुपन्देही-३ मा हुने उपनिर्वाचनको उम्मेदवार चयनका लागि मापदण्ड बनाएको छ । बिहीबार बसेको रास्वपा सचिवालय बैठकले प्रस्तावित मापदण्डका रुपमा तीन बुँदा तयार पारेको हो । जसमा स्वच्छ छविको हुनुपर्ने, स्थानीय हुनुपर्ने, स्थानीय तथा राष्ट्रियस्तरमा स्थापित भए झनै राम्रो भनेर प्रस्ताव गरिएको छ ।

मापदण्डलाई अन्तिम रुप भने आइतबारसम्म टुंगो लाग्ने र यसको जिम्मा लुम्बिनी प्रदेश इन्चार्ज समेत रहेका सहमहामन्त्री विपिन आचार्यलाई जिम्मा दिइएको छ । रास्वपाले उम्मेदवार छान्न पनि विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने जनाएको छ । उम्मेदवार छान्नका लागि स्थानीय पार्टीबाट सिफारिस माग्ने, आन्तरिक निर्वाचनका लागि आह्वान गर्ने, आन्तरिक निर्वाचनबाट ५० प्रतिशत मत बाँकी पृष्ठ २ मा

# अघि बढ्यो एनआरएनएका ६ वटा मुद्दा

## सबै मुद्दाको मिसिल साथै राख्न आदेश, पेसी तोकेर सुनुवाई अघि बढ्ने

काठमाडौं(जस)-गैरआवासीय नेपाली संघ (एनआरएनए)को विवादसम्बन्धी ६ वटा मुद्दा एकसाथ राखेर हेर्न यसअघिको इजलासबाट भएको आदेशअनुसार सुनुवाई सुरु भएको छ । बिहीबार सर्वोच्च अदालतका न्यायाधीशत्रय मनोजकुमार शर्मा, कुमार चुडाल र बालकृष्ण ढकालको पूर्ण इजलासले सबै मुद्दाको मिसिल साथै राख्न आदेश दिएको छ । यससँगै अब फेरि पेसी तोकेर सुनुवाइ थप अघि बढ्नेछ । यसअघि सर्वोच्चले असार १२ गते एनआरएनएको विवादसम्बन्धी आरके शर्माका दुई मुद्दा पूर्ण इजलासमा पेश गर्न आदेश दिएको थियो ।







सर्वोच्च अदालतका न्यायाधीशत्रय तिलप्रसाद श्रेष्ठ, अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको इजलासले आरके शर्माले दायर गरेको दुई मुद्दा पूर्ण इजलासमा पेस गर्न आदेश दिएको हो । ११ औं महाधिवेशनबाट बद्री केसी अध्यक्ष हुनै नसक्ने जिकिरसहित शर्माले हालेको उक्त मुद्दालाई पूर्ण इजलासमा पेस गर्न आदेश भएको हो भने बद्री केसीले पनि यसअघि आफू नै अध्यक्ष भएको जिकिरसहित एकता महाधिवेशनको विरोधमा मुद्दा हालेका हुन् । यस्तै महेश श्रेष्ठ एकता महाधिवेशनबाट अध्यक्ष चयन भएका हुन् । केसी, श्रेष्ठ र शर्माका साथै एकता महाधिवेशन र आधिकारिकतासम्बन्धी मुद्दा एकैठाउँमा पुगेसँगै सबैको हैसियत बराबरी भइसकेको छ।

सर्वोच्चले एकता महाधिवेशन गर्न २०८० चैत २१ गते परमादेश दिनुअघि नै कात्तिकमा सम्पन्न एनआरएनएको ११ औं महाधिवेशन विवादित बनेको थियो। बद्री केसी पक्षले भेरो नामक भोटिङ सिस्टमको दुरुपयोग गरेर चुनावमा धाँधली गरेको शर्मा र महेश श्रेष्ठ पक्षको जिकिर थियो । सोही विवादपछि होटल सोल्टीमा धाँधली गरेर केसी अध्यक्ष चयन भएको भन्दै होटल हिमालयमा भेला भएर आफूहरुले विधिसम्मत ढंगले महाधिवेशन सम्पन्न गरेको भनेर श्रेष्ठ समेतको समर्थनमा शर्मा अध्यक्ष घोषित भएका थिए । तर, सर्वोच्चले २०८० चैत २१ मा एनआरएनएको १० औं महाधिवेशन नै अवैध भएको ठहर गर्दै २०७८ माघ १ को बिन्दुबाट एकताको महाधिवेशन गर्न पूर्वअध्यक्ष शेष घले नेतृत्वको उच्चस्तरीय समितिलाई आदेश दिएको थियो । उक्त आदेशसँगै एनआरएनएको ११ औं महाधिवेशनसमेत स्वतः निष्क्रिय भएको थियो । सोही आदेशपछि परराष्ट्र मन्त्रालयले बद्री केसीलाई बालुवाटारस्थित सचिवालयबाट कामकारबाही नगर्न रोक लगाएको थियो भने उनी परराष्ट्रको पत्र गैरकानुनी रहेको जिकिरसहित सर्वोच्च गएका थिए । सर्वोच्चले उक्त मुद्दामा २०८१ साउनमा परराष्ट्रको पत्र कार्यान्वयन नगर्न आदेश दिएको थियो । सोही आदेशसँगै केसीले आफूलाई आधिकारिक अध्यक्षको रुपमा प्रस्तुत गर्दै बालुवाटारस्थित सचिवालयबाट कामकारबाही गर्दै आएका छन् ।

सोही आदेशपछि शर्मा पनि बद्री आधिकारिक अध्यक्ष हुनै नसक्ने जिकिरसहित अदालत गएका थिए । केसीले धाँधली गरेर चुनाव जितेको भनेर प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र मन्त्रिपरिषद्ले नै गठन गरेको छानबिन समितिले रिपोर्ट दिएकाले आधिकारिकता नै पाउने हो भने आफूले पाउनुपर्ने शर्माको जिकिर छ। आफूलाई आधिकारिकत दिन मागसहित उनले २०८१ भदौ २६ मा रिट दायर गरेपनि अहिलेसम्म फैसला भने हुन नसकेको छैन। यस्तै विवादकै बीच केसी पक्षले साधारण सभा पनि गर्ने भएपछि शर्माले फेरि अर्को मुद्दा हालेका थिए। २०८१ कात्तिक ८ मा दायर रिट पनि हालसम्म विचाराधीन रहेकाले बिहीबार सो मुद्दा पनि पूर्ण इजलासमै पेस गर्न आदेश भएको हो ।

एनआरएनएमा केसीले उच्चस्तरीय समितिलाई चुनौती दिँदै गतिविधि गर्दै आएका छन् भने उनले एकता महाधिवेशन रोक्न मुद्दा गरेका थिए । तर, केसीको मुद्दामा सुनुवाइ हुन नसक्दा महेश श्रेष्ठ गत वैशाखमा भएको एकता महाधिवेशनबाट अध्यक्ष बाँकी पृष्ठ २ मा



# चोभार गल्छीको ऐतिहासिक चट्टानहरू हटाउने योजना छैन : मन्त्रालय

काठमाडौं(जस)-सहरी विकास मन्त्रालयले काठमाडौंको चोभार गल्छीका चट्टान नफोडिने स्पष्ट पारेको छ । मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै निकास विन्दुका रुपमा रहेको गल्छीका चट्टान नफोडिने उल्लेख गर्दै त्यहाँ रहेको फोहोर भने हटाउने बताएको हो । अविरल वर्षाका बेला चोभार गल्छी आसपास डुबानको समस्या दोहोरिँदै आएपछि फोहोर व्यवस्थापन गरिने लागेको मन्त्रालयको भनाइ छ । मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नभएको उल्लेख गर्दै अनावश्यक रुपमा भ्रम फैलाउने काम भएको बताए । ‘गल्छी वरपरको क्षेत्रमा विगतमा बगाएर ल्याएको फोहोर हटाउने, पहिरो जान सक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी रोकथाम गर्ने र दीर्घकालीन समाधानका लागि आवश्यक प्राविधिक अध्ययनसहित कार्ययोजना तयार गर्ने हाम्रो मुख्य उद्देश्य हो’, उनले भने, ‘मन्त्रालयले चोभार गल्छी चौडा पार्ने वा प्राकृतिक रूपमा रहेका ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नरहेको स्पष्ट पार्दै यस्ता कार्यको भ्रम फैलाउनु अनुचित हो ।’ मैनालीका अनुसार चोभार गल्छी उपत्यकाको प्रमुख जलनिकास बिन्दु हो जहाँ सहरभरिका खोलानाला भएर बगेका पानीहरू भेला हुने र वर्षाको समयमा पानीको निकास अवरुद्ध हुँदा सहरका विभिन्न क्षेत्रहरू डुबानमा पर्ने जोखिम बढ्दो छ । उनले यस क्षेत्रको दीर्घकालीन व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयले आफ्नो उद्देश्य स्पष्ट पार्दै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको चोभार गल्छीको मौलिक स्वरूपलाई जोगाउँदै डुबान न्यूनीकरण गर्न फोहोरको व्यवस्थापन गरिने बताए । ‘प्राकृतिक सम्पदाहरूको संरक्षण गर्दै मानव सुरक्षामा जोड दिने नीति अनुसार चोभार क्षेत्रमा काम अघि बढाइनेछ’, विज्ञप्तिमा उल्लेख छ ।

यही असार १४ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको ३२औं बैठकबाटे चोभार गल्छीमा सम्भावित डुबान न्यूनीकरण गर्न नेपाली सेनासँग समन्वयमा आवश्यक कदम चाल्न निर्देशन दिइएपछि सामाजिक सञ्जाल र विभिन्न राजनीतिक वृत्तहरूमा यस विषयलाई लिएर विभिन्न धारणा सार्वजनिक भएको भन्दै मन्त्रालयले असन्तुष्टि जनाएको छ । विपद् न्यूनीकरणसँग सम्बन्धित निर्णयहरूमा जनचासो बढ्दो रहेको बेला मन्त्रालयको यो स्पष्टिकरणले विवादको निराकरण गर्ने अपेक्षा गरिएको छ ।

# यस वर्ष करिब ६० हजार जना डेंगु रोगबाट संक्रमित हुनसक्ने अनुमान

काठमाडौं(जस)- इपिडियमोलोजी तथा रोग नियन्त्रण महाशाखाले अबका चार महिना डेंगु संक्रमणको सर्वाधिक जोखिमयुक्त समय भएकोले सतर्क रहन आग्रह गरेको छ । यस वर्ष करिब ६० हजार जना डेंगु रोगबाट संक्रमित हुनसक्ने अनुमान महाशाखाको छ । महाशाखाद्वारा आयोजित अन्तक्रियामा विज्ञहरुले डेंगुबाट हुने मानवीय क्षति रोक्न लामुखुट्टेको प्रजनन प्रणाली नष्ट गर्ने सर्वाधिक सरल र प्रभावकारी उपाय भएको बताए । कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्ण दाहालले डेंगु सार्ने प्रजातिको लामखुट्टे नष्ट गर्नका लागि चार महिना भन्दा बढी समय लामखुट्टेको लार्भा र फूल समेतलाई नष्ट गर्ने अभियान चलाउनुपर्ने जानकारी दिए । ‘झुल, धुप वा लामखुट्टे भगाउने अन्य औषधिले घरभित्र काम गरे पनि घर बाहिर निस्किेको बेला भाइरसयुक्त लामुखेट्टले टोकेर सारिदिन सक्छ । त्यसैले स्थानीय पालिकाहरुको समयन्वयमा त्यस्ता लामखुट्टेको फुलसहित सबै चक्र नष्ट गरिदिनुपर्छ’, उनको भनाइ थियो ।

यद्यपि नगर पालिकाको स्वास्थ्यसम्बन्धी कर्मचारीको धेरै थरी काम हुने हुँदा लगातार चार महिनासम्म नष्ट गर्ने काममा लागि रहन उनीहरुलाई अप्ठ्यारो भएको पनि उनले बताए । महाशाखाले १७ जिल्लाका एक सय ४७ पालिकासँग डङ्गु रोगबारे सहकार्य गरिएको जानकारी पनि कार्यक्रममा दिइयो । ‘डेंगुरोगलाई स्वास्थ्य क्षेत्रको प्रयास मात्रै ले नियन्त्रण गर्न सकिदैन त्यसका लागि सबै निकायले हातेमालो गर्नु पर्छ’, महाशाखा निर्देशक डा. चन्द्रभाल झाले भने । कतिपय देशमा लामखुटे नियन्त्रण वातावरण मन्त्रालयले जिम्मा लिएर गरेको पनि देखिएको समेत उनले बताए । शहरमा वर्षायाम सँगै जता ततै खाडल, ससाना भाँडा र जथाभावि फालिएका टायर पानी जम्ने भएकोले डेंगुको जोखिम अनुमान गरे भन्दा बढने पनि निर्देशक झाले बताए । उनले भने, ‘त्यस बाहेक घर घरमा फ्रिज र एसिको पानीले पनि लामखुटेलाई फुल पार्न र बच्चा हुर्कन सजिलो भएको छ ।’

यस वर्ष सरकारले लामखुटे खोजी र नष्ट गर्ने कार्यका लागि आगामी आर्थिक वर्षका लागि रु १० करोड छुट्याएको जानकारी पनि कार्यक्रममा दिइयो । एडिस जातको संक्रमित पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने यो रोग, सामान्यतया शितोष्ण र समशितोष्ण क्षेत्रमा फैलिने गरेको छ । यद्यपि जलवायु परिवर्तनको प्रभावस्वरुप गएको दशकयता मुलुकका पहाडी भूभागमा समेत विस्तार भएको छ । डङ्गुका बिरामीलाई सो लामखुट्टेले टोकेमा उक्त लामखुट्टे सङ्क्रमित भई स्वस्थ व्यक्तिमा सार्न सक्छ । यो लामखुट्टेको आयु १ देखि ३ महिनासम्म हुन्छ । डेंगु रोग लाग्दा उच्च ज्वरो, कडा खालको टाउको दुखाइ हुने, आँखाको गेडी पछाडि दुख्ने र मांसपेसीको समेत दुखाइ अत्यन्त पीडादायी हुन्छ । साथै केहीलाई वाकवाक लाग्ने र वान्ता हुने समेत हुन्छ । सरकारले डेंगुसँगै कोभिड र हैजाको जोखिम नफैलियोस भनेर विशेष तयारी गरेको जानकारी पनि उनले दिए ।

# राप्रपाले भ्रष्टाचारविरुद्धको गतिविधिलाई अभियान कै रुपमा सञ्चालन गर्ने

काठमाडौं(जस)-राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय कार्यसम्पादन समितिको बैठकले भ्रष्टाचार विरुद्धको गतिविधिलाई अभियान कै रुपमा सञ्चालन गर्ने निर्णय गरेको छ । बिहिबार बसेको बैठकले पहिलो चरणमा ज्ञापनपत्र बुझाउने र विस्तृत कार्ययोजना बनाएर भ्रष्टाचार विरोधी गतिविधिलाई देशव्यापी रुपमा सञ्चालन गर्ने निर्णय गरेको पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । उनले भने, ‘भ्रष्टाचार विरुद्धको गतिविधिलाई अभियान कै रुपमा सञ्चालन गर्ने निर्णय पनि गरेको छ । केही समयभित्रै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित निकायहरु सबैमा पहिलो चरणमा ज्ञापनपत्र बुझाउने र विस्तृत कार्ययोजना बनाएर भ्रष्टाचार विरोधी गतिविधिलाई देशव्यापी रुपमा सञ्चालन गर्ने निर्णय गरेका छौ ।’

यस्तै, बैठकले पार्टीको केन्द्रीय कार्यसमितिको बैठक अगामी भदौ दोस्रो हप्ता काठमाडौंमा बस्ने भनेर पनि निर्णय गरेको बताए । बैठकले रुपन्देही जिल्लाको क्षेत्र नं ३ को उपनिर्वाचन प्रभावकारी रुपमा अगाडि बढाउन उपाध्यक्ष ध्रुव बहादुर प्रधानको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको पनि उनको भनाई छ । उनले भने, ‘ बिहीबारको बैठकमा विशेष गरि दिपक बोहराको मृत्यु पश्चात उनको ठाँउमा रुपन्देही जिल्लाको क्षेत्र नं ३ को उपनिर्वाचनको सन्दर्भमा बिहीबार छलफल भएको छ । उम्मेदवारको प्रारम्भिक सूची तयार पारि यो असार मसान्तसम्म केन्द्रमा पठाउनको लागि हामीले जिल्ला कार्य समितिलाई निर्देश गरेका छौ । र उपनिर्वाचनको लागि तयारी थाल्न सबै कमिटिलाई अनुरोध गरेका छौ । यसलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि उपाध्यक्ष ध्रुव बहादुर प्रधानको संयोजकत्वमा निर्वाचन परिचालन गर्न समिति गठन गरेका छौ ।’ यो वर्षको पार्टी महाधिवेशनको वर्ष भएको हुनाले असोजको मसान्तसम्म सबै स्थानीय तह र जिल्लाको अधिवेशन सम्पन्न गर्ने लक्ष्यका साथ छलफल गर्ने निर्णय पनि बिहीबारको बैठकले गरेको छ । यस्तै, राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले बैठकमा रुपन्देही जिल्लाको क्षेत्र नं ३ मा प्राइमरी निर्वाचनमा जानुपर्ने प्रस्ताव राखेको बताए ।

## नौ...

छ । अन्तःशुल्कमा पनि ६ हजार ८९६ नयाँ करदाता थपिएसँगै कुल संख्या १ लाख २४ हजार २६४ पुगेको छ । करको दायरा विस्तार हुनु स्वयंमा कर शिक्षाको प्रभावकारिता, कर प्रशासनको पहुँच र नागरिकको करप्रतिको उत्तरदायित्व बोधमा सकारात्मक परिवर्तन आएको संकेतका रूपमा हेरिएको छ ।

## विपद्...

**के के छन् चार बुँदे निर्देशनमा ?**

परिपत्रमा विपद् व्यवस्थापन विभागलाई पार्टीको प्रदेश जिल्ला र पालिकास्तरसम्म अविलम्ब निर्माण गर्ने, केन्द्र प्रदेश र जिल्लास्तरमा पार्टीको नेतृत्वमा स्वयंसेवक परिचालन संयन्त्र निर्माण गर्ने, विपद् परिचालन संयन्त्रको नेतृत्वमा सबै जिल्लाहरूमा पार्टी समिति, वाईसियल लगायत सबै जबस मोर्चाहरूबाट सहभागी हुने गरी स्वयंसेवक टोली निर्माण गर्ने र विपद् विभाग र सम्बन्धित कार्यालयले विपद् स्वयंसेवकको तालिम, लजिस्टिक र अन्य आवश्यक सामग्रीहरूको आपूर्ति मिलाउने लेखिएको छ ।

‘हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को विपद् व्यवस्थापन विभागले वर्षातको समयमा बाढी, पहिरो वा विपदबाट पर्न सक्ने अवस्थालाई ध्यानमा राखी तत्काल सबै पार्टी समितिहरूले निम्न कार्य गर्ने भनी गरिएको सिफारिसहरूलाई पार्टी अध्यक्ष काप्रचण्डबाट अविलम्ब कार्यान्वयनको लागि परिपत्र जारी गर्ने भनी निर्देशन भएअनुसार यो परिपत्र जारी गरिएको छ’, बुधबार जारी गरेको परिपत्रमा उल्लेख छ ।

**१. विपद् व्यवस्थापन विभागको निर्माण र विस्तार**

पार्टीको केन्द्रीय तहमा रहेको विपद् व्यवस्थापन विभागलाई प्रदेश, जिल्ला र पालिकास्तरसम्म विस्तार गर्न निर्देशन दिइएको छ। यसले विपद् पूर्वतयारी, तत्कालीन प्रतिक्रिया तथा दीर्घकालीन पुनःस्थापनासम्मको नीति र योजनालाई अगाडि बढाउनेछ ।

**२. स्वयंसेवक परिचालन संयन्त्र निर्माण**

विपद्को बेला राहत र उद्धार कार्यमा चुस्त परिचालनका लागि केन्द्र, प्रदेश र जिल्ला स्तरमा पार्टी नेतृत्वमा स्वयंसेवक परिचालन संयन्त्र निर्माण गरिनेछ । यस संयन्त्रले समन्वय, परिचालन र मार्गनिर्देशनको भूमिका खेल्नेछ ।

**३. स्वयंसेवक टोली गठन**

सबै जिल्लामा पार्टी समिति, वाईसियल, जनवर्गीय संगठन तथा मोर्चाहरू समेटेर स्वयंसेवक टोलीहरू गठन गरिनेछन् । यी टोलीहरूलाई विपद् प्रभावित क्षेत्रमा उद्धार, राहत वितरण, जनसहयोग र पुनःस्थापनाका काममा खटाइनेछ ।

**४. तालिम, लजिस्टिक र सामग्री आपूर्ति**

विपद् व्यवस्थापन विभाग र सम्बन्धित कार्यालयहरूले स्वयंसेवकहरूलाई आवश्यक तालिम प्रदान गर्ने, र उनीहरूको कार्यसम्पादनका लागि लजिस्टिक र आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउनेछन् । यिनमा आपतकालीन उपकरण, प्राथमिक उपचार सामग्री, राहत किट, संचार माध्यम लगायत समावेश हुनेछन् ।

**बैँकहरूलाई विदेशमा शाखा खोल्न दिनुपर्छ : सांसद विनोद चौधरी**

काठमाडौँ, १९ असार , नेपाली कांग्रेसका सांसद विनोद चौधरीले बैंक तथा वित्तीय संस्थाहरूलाई विदेशमा शाखा खोल्न दिनुपर्ने बताएका छन् । बिहीबार सिंहदरबारमा बसेको अर्थ समितिको बैठकमा बाफिया विधेयकमा बिहीबार भएको दफावार छलफलमा अहिले बाफियाले त्यसलाई नसमेटेको बताएका हुन् । त्यसलाई पुनः लेखन गरेर सो सम्बन्धि व्यवस्था राखिनुपर्ने बताए । उनका अनुसार नेपाली धेरै भन्दा धेरै रहेका ती ठाउँमा बैंकका शाखा खोल्न दिनुपर्छ ।उनले भने -‘ बाफिया ड्राफ्ट दुई वर्षदेखि बनाएर राखिएको छ । अहिले धेरै परिवर्तन भइसकेको छ । बाफिया फिर्ता पठाउनुपर्छ । नयाँ दृष्टिकोणबाट यो विधेयकलाई पुनः ड्राफ्ट गर्नुपर्छ । नेपालका बैङ्कलाई बाहिर समेत जान दिनुपर्छ । अस्ट्रेलिया, मलेसियामा बैंकका शाखा खोल्न दिनुपर्छ । नेपालीको पुँजी नेपाली बैंकले किन सङ्कलन गर्न नपाउनु ? ।’ उनका अनुसार अहिले वर्तमान अर्थतन्त्रको स्थिति सुस्त छ । बैंकहरूसँग भएको रकम लगानी हुन सकिरहेको छैन । बैंकर्स, उद्योगीको मनोबल बढ्न नसकेको बताउँदै उनले बैंकमा लगानी हुँदैमा उद्योगी, लगानीकर्ताले पैसा लिन्छन् भन्ने भ्रम हटाउनुपर्ने बताए ।

## रास्वपाले...

पाउने व्यक्तिलाई सिफारिस गर्ने, र सोही सिफारिसलाई केन्द्रीय समितिले अनुमोदन गर्ने निर्णय बिहीबारको बैठकले गरेको हो । बैठकमा नेताहरूले उम्मेदवार सकभर पार्टीकै नेता कार्यकर्ता हुनुपर्ने र भूगोल र त्यहाँको अवस्था बुझेको हुनुपर्ने बताएका थिए ।

रास्वपाले निजामती सेवा विधेयकमा रहेको कुलिङ पिरियडको प्रावधानमाथि भएको हेरफेरबारे छानबिन गर्न उच्चस्तरीय संसदीय छानबिन विशेष समिति गठन गरिनुपर्ने माग गरेको छ । बैठकले संसदको सार्वभौम भूमिकामाथि प्रहार हुने गरी विधेयकको प्रावधान नै तलमाथि पार्न खोजिनुलाई अनदेखा गर्न नमिल्ने निष्कर्ष निकालेको महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । ‘कुलिङ पिरियड प्रावधान हेरफेरमा सार्वभौम संसदमाथि प्रहार भएको छ । यसलाई अनदेखा गर्न मिल्दैन, यो प्रकरणमा उच्चस्तरीय संसदीय छानबिन विशेष समिति बनाउनु पर्छ,’ उनले भने, ‘विधायकी अधिकारमाथि गम्भीर कुठाराघात भएको छ ।’

## स्वदेश...

भेटका क्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवम् एमालेका उपमहासचिव विष्णुप्रसाद रिमाल, स्पेनका लागि नेपाली राजदूत शनिल नेपाल, प्रवासी नेपाली मञ्च, अन्तरराष्ट्रिय कमिटीका सचिव एवं सङ्गठन विभाग प्रमुख हेम शेर्पा, युरोप महादेश कमिटीका संयोजक मुक्तबहादुर गुरुङ, मञ्चका स्पेन अध्यक्ष केदार ढुङ्गाना, मेड्रिड कमिटीका अध्यक्ष शिवराज सिग्देल र पोर्चुगलका अध्यक्ष दीपक क्षेत्रीलगायत सहभागी थिए ।

प्रधानमन्त्रीबाट नेपाली दूतावासको अवलोकन

प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनको मेड्रिडस्थित नेपाली दूतावास कार्यालयको निरीक्षण गरेका छन् । प्रधानमन्त्री ओलीलाई स्पेनका लागि नेपाली राजदूत शनिल नेपालले स्वागत गर्दै कार्यालयको गतिविधिबारे अवगत गराएका थिए । स्पेनमा हाल करिव १५ हजार नेपाली विभिन्न पेसा व्यवसायमा कार्यरत छन् । त्यस अवसरमा प्रथम महिला राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, खानेपानीमन्त्री प्रदीप यादव, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठलगायत सहभागी थिए ।

## अघि...

चयन भएका थिए । एकता महाधिवेशनपछि श्रेष्ठले आफू आधिकारिक अध्यक्ष भएको जिकिर गर्दै आएका छन् भने केसीले पनि दाबी छाडेका छैनन् । यही विवादमा एकता महाधिवेशन पक्षधर राजेश शमशेर राणा र बद्री केसीका साथसाथै परराष्ट्र मन्त्रालयले समेत दुई निवेदन सर्वोच्चमा पेस गरेकामा अदालतले ४ वटा मुद्दा इजलासमा पेस गर्न आदेश दिएको थियो । यसैबीच एनआरएनएका पदाधिकारी तथा अभियन्ताहरूले बद्री केसी समूहले एकताबद्ध रहेका एनसीसीहरूलाई फुटाउने प्रयास गरेको भन्दै यस्ता कार्य रोक्न आह्वान गरेका छन् । एनआरएनए आइसीसीद्वारा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष महेशकुमार श्रेष्ठले एकताको महाधिवेशन, परराष्ट्र मन्त्रालयबाट पत्र प्राप्ति र फैसला कार्यान्वयन निर्देशनालयबाट पत्राचारपछि सङ्घको केन्द्रीय कार्यालयमा प्रवेशमा कुनै अवरोध नहुनुपर्ने बताए ।

# नेकपा एसको सचिवालय बैठक स्थगित

## मलाई पार्टीले स्पष्टीकरण सोधेको छैन : झाँक्री

काठमाडौं(जस)-नेकपा एकीकृत समाजवादीको महासचिव घनश्याम भुसालको स्वास्थ्यमा समस्या आएपछि सचिवालय बैठक स्थगित भएको छ । विहीबार केन्द्रीय कार्यालय आलोकनगरमा बसेको बैठकले महासचिव भुसालको स्वास्थ्यमा समस्यापछि स्थगित भएको हो । अर्को बैठक २२ गते ११ बजे बस्ने तय भएको छ। बिहीबारको बैठकमा नेकपा एकीकृत समाजवादीकी स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीले आफ्नो कुरा राख्न समय माग गरेकी थिइन् ।

यसैबीच नेकपा (एकीकृत समाजवादी) की नेतृ रामकुमारी झाँक्रीले आफूलाई पार्टी अध्यक्ष माधवकुमार नेपालविरुद्ध बोलेको भन्दै स्पष्टीकरण सोधिएको कुरामा सत्यता नरहेको बताएकी छिन् । पार्टी केन्द्रिय कार्यालय आलोकनगरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले आफूले पार्टीका अध्यक्षविरुद्ध बोलेको भन्दै स्पष्टीकरण सोधिएको हल्ला निराधार रहेको बताइन्। अहिलेसम्म कुनै स्पष्टीकरण नसोधिएको र पार्टीका ठुलो केही नेताहरूले टेलिभिजनबाट स्पष्टीकरण सोधेको भनेर हल्ला फिँजाएको बताइन् ।

बुटवलमा पार्टीसम्बद्ध युवा सङ्गठनले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा झाँक्रीले ‘मरेको सिनो काँधमा बोकेर हिँड्न सकिँदैन, अध्यक्ष फेरौं’ भन्ने अभिव्यक्ति दिएकी थिइन् । झाँक्रीको यस्तो अभिव्यक्ति आएपछि पार्टी महासचिव घनश्याम भुसालले जथाभाबी अभिव्यक्ति नदिन ध्यानाकर्षण गराएका थिए । स्पष्टीकरण सोधिएको भन्ने समाचार आएको तर आफूलाई नसोधिएको बारेमा पार्टीले गरेको निर्णय बुझ्न आफू नै सचिवालय बैठकमा नेताहरूसँग निवेदन लिएर आएको स्पष्ट पारिन् ।

उनले भनिन्, ‘केही शक्तिशाली पदाधिकारीहरूले मिडियामा स्पष्टीकरण सोध्नुभएको रहेछ । मलाई त सोधिएको छैन । टेलिभिजनमा स्पष्टीकरण सोधिन्छ, पार्टीबाट निकालिन्छ भन्ने सुनेको थिएँ, मैले बोलेको कन्टेनको हिसाबले, १५ गते यसबारे कुनै क्रिया, प्रतिक्रिया नदिनु भनेर निर्देशन पनि जारी गरेको थियो । त्यो निर्देशनपछि उहाँहरूलाई प्रोत्साहन गरेको जस्तो बोलिरहनुभएको छ । पार्टीलाई घाटा नहोस् भनेर सचिवालय बैठकमै दिन्छु त्यसका लागि बोलाउनुस् भनेर निवेदन दिन आएकी हुँ ।’

# हिंस्रक अभिव्यक्तिले कांग्रेस अराजक अभ्यासतिर गयो : शिवाकोटी

काठमाडौं(जस)-नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले कडा भाषामा भ्रष्टाचारको संरक्षण गर्ने प्रवृत्तिमाथि आक्रमक टिप्पणी गरेका छन् । बैठकमा धारणा राख्दै शिवाकोटीले कांग्रेस भित्रैबाट पार्टीको आत्माकुण्ठित हुने अवस्था सिर्जना भएको आरोप लगाए । उनले पार्टीप्रति जनस्तरमा चुलिँदै गएको असन्तोषको चेतावनी सुनाए । शिवाकोटीले भ्रष्टाचारको आरोप लागेका नेताहरूको रक्षामा पार्टी नेतृत्व मौन बसेको आरोप लगाए । उनले संसदबाट निलम्बन भएका व्यक्तिहरूले केन्द्रीय समिति बैठकमै नेतामाथि विषवमन गर्ने, धम्क्याउने र मर्यादा भंग गर्ने शैलीले कांग्रेसको चरित्रमै धक्का पुगेको बताए ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०४/१५ मा प्रा.लि.नं.४०७३२मा दर्ता भएको **काष्ठमण्डप दुग्ध भण्डार प्रा. लि.** को मिति २०८२/०३/१९ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: अधिवक्ता शंकर प्रसाद पुडासैनी (इजाजत नं.६१७)
का.म.न.पा-१५, स्वयम्भु, काठमाण्डौ, सम्पर्क : ९८५११५३३३०

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०८/१२ मा दर्ता भएको प्रा.लि.न.३०२५६३को **स्वाधिन टेक प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०१/२४को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०४/०७ मा दर्ता भएको प्रा.लि.न.१३७११३को **भाई सब मनिट्रान्सफर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०९को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१०/२४ मा दर्ता भएको प्रा.लि.न.२३४०४५को **आधुनिक यु. पि. भि. सि झ्याल ढोका प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०८को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/१६ मा प्रा.लि.नं.२९३२४५मा दर्ता भएको **मेटाभर्स एक्स्पेड्शन र परामर्स सेवा प्रा. लि.** को मिति २०८२/०३/१९ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: शेर बहादुर रोकाया (इजाजत पत्र नं. २८७)
बबरमहल, काठमाडौं, फोन नं. : ९८५११६३७२३

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०/१२/२३मा स्वीकृती प्राप्त भई साविक कम्पनी **राजविराज रोयल स्टार इङ्गलिस बोर्डिङ्ग स्कुल प्रा. लि.** (प्रा.लि.नं. ३००६९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सूरिया पब्लिक स्कुल प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०३/१६मा स्वीकृती प्राप्त भई साविक कम्पनी **गिताञ्जली मेडिडेण्ट हेल्थकेयर एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि.**(प्रा.लि.नं. २६५७१३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जनकपुर गिताञ्जली मेडिडेण्ट इन्टरनेशनल प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०२/१९ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **ईक्जाम म्याट प्रा. लि.**(प्रा.लि.नं.३१४२४१)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तितनामको **क्वीक्ली मल्टिप्रपोज प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०३/१२मा स्वीकृती प्राप्त भई साविक कम्पनी **सिमिनआर्क डिजाइनर्स एण्ड बिल्डर्स प्रा. लि.**(प्रा.लि.नं. १९०९९३)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सुवास्तु शिला कन्स्ट्रकशन्स प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/०२/११मा स्वीकृती प्राप्त भई साविक कम्पनी **कीर्ति मिनि मार्ट प्रा. लि.**(प्रा.लि.नं.१७७१३९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **श्री किर्ति इन्जिनियरीङ्ग निर्माण एण्ड ट्रेडिङ्ग प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०/०२/२८मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एएन. विआई फर्मा प्रा. लि.**(प्रा.लि.नं.१४९३२८)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सेफ भेट फर्मा प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/२०**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१२/२०मा स्वीकृती प्राप्त भई साविक कम्पनी **इमर्जेन्सी लोन सोलुसन प्रा. लि.**(प्रा.लि.नं.३५४११८)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **इमर्जेन्सी लोन प्रा. लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१० मा दर्ता भएको प्रा.लि.न.२७३२७८को **नवजिवन इन्जिनियरिङ्ग अनुसन्धान कलेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०२/०५ मा प्रा.लि.नं.१२२६८२मा दर्ता भएको **स्वीच अन इभेन्ट्स एण्ड म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८२/०३/१८ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: शेर बहादुर रोकाया (इजाजत पत्र नं. २८७)
बबरमहल, काठमाडौं, फोन नं. : ९८५११६३७२३

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/१२/०२ मा प्रा.लि.नं.३८८२६मा दर्ता भएको **राईट प्रोपर्टी सर्भिस प्रा. लि.** को मिति २०८२/०३/१८ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: अधिवक्ता वीरेन्द्र शिवाकोटी (इजाजत पत्र नं.२६७)
बानेश्वर, काठमाण्डौ, **सम्पर्क** : ९८५१०५५२४९

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०८/०७ मा प्रा.लि.नं.२०२९५९मा दर्ता भएको **गायत्री एण्ड सन्स प्रा. लि.** को मिति २०८२/०३/१६ मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: अधिवक्ता राधिका गोसाई (इजाजत नं. ४३१)
भक्तपुर न.पा.-५, भक्तपुर, फोन नं. : ९८४१६७५८०३

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०१/२५ मा दर्ता भएको प्रा.लि.न.११२३३२को **नवजिवन इन्जिनियरिङ्ग अनुसन्धान कलेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०३को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६३/१२/०७ मा दर्ता भएको प्रा.लि.नं.४४७९५को **इजी कम. प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/०९ मा दर्ता भएको प्रा.लि.न.१३३७७५को **सिर्जन पुल हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०१/१५को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/०८ मा दर्ता भएको प्रा.लि.नं.२६९१६०को **एलेक्स निर्माण सामाग्री सप्लायर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०४/२५ मा दर्ता भएको प्रा.लि.न.१३८२५४को **एक्सन फर कमन फ्युचर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२७को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१)को बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

# उपभोक्ता अदालतको फैसलाप्रति चिकित्सकहरु आक्रोशित

काठमाडौं(जस)-नेपाल चिकित्सक संघले उपभोक्ता अदालतको विषयमा सम्पूर्ण सरोकारवालाहरूसँग बृहत छलफल गरेको छ । विहीबार काठमाडौंमा विभिन्न अस्पतालका प्रमुखहरू, एसोसिएसन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज, अफिन, विभिन्न सोसाइटीहरू, चिकित्सक समाज र आवासीय चिकित्सकलगायत सम्पूर्ण सरोकारवालाहरूसँग छलफल गरेको हो । उपचार प्रक्रियामा भएको लापरबाहीका कारण बिरामीको ज्यान गएको तथा पीडित परिवारलाई थप मर्का परेको भन्दै परेका उजुरीमाथि अदालतले चिकित्सक तथा अस्पतालहरूलाई करोडौं क्षतिपूर्ति तिराउने फैसला गरेपछि चिकित्सकहरूले विरोध जनाएका छन् । यसै विषयमा चिकित्सक संघले छलफल चलाएको हो ।



उपभोक्ता अदालतका यी फैसलाले अस्पताल र चिकित्सकहरूलाई हतोत्साहित बनाएको नेपाल चिकित्सक संघको दाबी छ । नेपाल मेडिकल एशोसियशनको महासचिव डा.सन्जिव तिवारीले स्वास्थ्य प्रक्रिया भनेको एउटा जटिल प्रक्रिया भएको भन्दै बिरामीहरुले अपरेशन गरेको ठाँउमा घाउको खत देखियो भनेको भरमा डाक्टरलाई क्षतिपूर्ती तिराउने कुरा सहि नभएको भन्दै यसमा विमति भएको बताए ।

उनले भने, 'नेपाल सरकारले प्रत्येक पेशाको लागि न्यायिक अंग खडा गरेको छ । पेशामा भएको विषय सम्बन्धित काउन्सिलले हेर्ने हो । छलेर ढुङ्गा मिसाएर चामल बेचेको जस्तो ठग्ने काम गरेको होइन् । स्वास्थ्य प्रक्रिया भनेको एउटा जटिल प्रक्रिया हो । अपरेशन गरेको ठाँउमा घाउको खत देखियो भनेर डाक्टरले क्षतिपूर्ती दिनुपर्यो भन्न मिल्दैन।'साथै, नेपाल अर्थोपेडिक एशोसिएशनको वरिष्ठ उपाध्यक्ष प्राध्यापक डा.दिपक कुमार दत्तले नेपाल मेडिकल काउन्सिलको सल्लाहबिना उपभोक्ता अदालतले लिएको निर्णय गलत भएको बताए । उनले भने, 'उपभोक्ता अदालतले नेपाल मेडिकल काउन्सिलको सल्लाह नलिइकन जुन निर्णय गरेको छ, जुन डाक्टरमाथि अन्याय भएको छ, त्यस विषयमा हामी छलफलमा जुटेका हौं । यस्ता विषयमा विज्ञ काउन्सिलले छानबिन गरेर मात्र गरोस भन्ने हाम्रो माग हो ।'

# ऐन नसच्याए चालकहरुले नै नेपालको जेल भरिनसक्ने !

काठमाडौं(जस)-सरकारले ल्याउन लागेको सवारी तथा यातायात व्यवस्था ऐन २०८१ मा भएको कानुनी प्रावधानले यातायात मजदुरहरुलाई पार्ने असरबारे नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले बसपार्क आधारित अन्तरक्रिया गरेको छ । विहीबार भक्तपुरको ब्रह्मायणी बसपार्क च्यामासिं र बुढानिलकण्ठ बसपार्कमा चालक, परिचालक संघ, संगठनका नेताहरुले भेटघाट गरी ऐनमा भएको व्यवस्था र संगठनले प्रस्तुत गर्ने सुझावका विषयमा अन्तरक्रिया गरेको हो ।

सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ मार्फत ल्याउन लागेको सवारी तथा यातायात व्यवस्था ऐन २०८१ को दफा ६३ रहेको ज्यान मारेमा हुने सजाय सम्बन्धी उपदफा-२ चालकहरु प्रतिकुल रहेको र त्यसलाई सच्याउन नसकिए चालकहरुले नेपालको जेल भरिने अवस्था आउने संगठनका अध्यक्ष भीमज्वाला राईले जानकारी दिए । उक्त दफामा लापरबाही भन्ने शब्दावली भएपनि त्यसलाई परिभाषित गर्दै लापरबाहीका कन्डिसनहरु उल्लेख गरेर सुझाव पठाइएको र कैद सजाय तीन वर्षदेखि १० वर्षसम्म भन्ने उल्लेख भएकाले त्यसलाई समेत बढीमा १० वर्षसम्म भन्ने सुझाव पठाइएको राईले बताए ।

त्यस्तै दफा ६४ मा रहेको अङ्गभङ्गमा समेत श्रमिक प्रतिकुल व्यवस्था गरिएकाले त्यसलाई समेत परिमार्जनका लागि संशोधन तयार गरिएको अध्यक्ष राईले जानकारी दिए ।

त्यस्तै चालक बन्न चाहिने लाइसेन्स लिने प्रकृयामा समेत आठ कक्षा उतिर्ण गर्नुपर्ने व्यवस्था रहेकाले यसलाई संशोधन गर्दै मान्यता प्राप्त ड्राईभिङ स्कुलमा तालिम लिएको प्रमाणपत्र पेश गर्नुपर्ने सुझाव गरिएको राईले जानकारी गराए । त्यस्तै चालकका लागि ६० वर्ष उमेरहदलाई ६५ वर्ष बनाइनुपर्ने समेत सुझाव दिइएको राईले बताए । सोही क्रममा भेटघाटसंगैं सदस्यतापत्र वितरण तथा नविकरण पनि सम्पन्न भएको छ ।

मजदुरहरुलाई बसपार्कमै पुगेर भेटघाट गरिएको समयलाई सदुपयोग गर्दै नेपाल यातायात स्वतन्त्र मजदुर संगठन र जिफन्टको सदस्यहरुको सदस्यतापत्र नविकरण तथा मजदुरहरुलाई नयाँ सदस्यता वितरण गरिएको छ ।

बुढानिलकण्ठका १३६ सदस्यहरुको सदस्यतापत्र नविकरण गरिएको छ । त्यस्तै १५ वटा नयाँ सदस्यता वितरण गरिएको नेपाल यातायात स्वतन्त्र मजदुर संगठन बागमती प्रदेश सचिव शिवकुमार श्रेष्ठले जानकारी गराए । त्यस्तै ब्रह्मायणी बसपार्कमा २३ जना मजदुरहरुलाई संगठनको सदस्यता वितरण गरिएको श्रेष्ठले बताए ।

# गोमालाई भाटभटेनी समूहका अध्यक्ष मीनबहादुर गुरुङले एमबीबीएससम्म पढाइदिने

काठमाडौं(जस)-काठमाडौंको एक इँटाभट्टाको खलामा काम गर्दै अध्ययन गरेकी गोमा श्रेष्ठले यसवर्षको एसईई परीक्षामा ४ जीपीए प्राप्त गरेकी थिइन् । उनै गोमाको थप अध्ययन र शिक्षाका सम्बन्धमा सञ्चारमाध्यममा खबर सार्वजनिक भएपछि भाटभटेनी समूहका अध्यक्ष तथा समाजसेवी मीनबहादुर गुरुङ दम्पतीले एमबीबीएस तहसम्मको अध्ययन गराउने बचन दिएका छन्। बिहीबार गोमालाई भाटभटेनीस्थित आफ्नै कार्यालयमा बोलाएर अध्यक्ष गुरूङ र श्रीमती सावित्री गुरूङले एकलाख रुपैयाँ नगद, एउटा ल्यापटप र सम्मानपत्रसहित सम्मान गरेका थिए ।



गुरूङले गोमालाई अहिले सेन्ट जेभियर्स कलेज माइतीघरमा ११ र १२ कक्षासम्मको अध्ययन पनि आफ्नै खर्चमा गराउने प्रतिवद्धता जनाउँदै गुरुङले त्यसपछि एमबीबीएस तहसम्मको अध्ययनका लागि सहयोग गर्ने बचन दिए । चाँगुनारायण नगरपालिका-८ स्थित सुडालको एक इँटाभट्टामा बस्दै आएकी गोमाले बिहान बेलुकी इँटा सुकाउने काममा सहयोग गर्दै आएकी थिइन् । उनी धान रोपाइँमा मेला गएर फर्किंदा एसईईको रिजल्ट सार्वजनिक भएको र ४ जीपीए प्राप्त भएको जानकारी पाएकी थिइन् ।उनले आफूले डाक्टर बन्ने चाहना राखेको बताए पनि भाटभटेनी समूहका अध्यक्ष तथा व्यवसायी गुरूङले एमबीबीएस तहसम्मको अध्ययन खर्च बेहोर्ने प्रतिवद्धतासहित सहयोग गरेको जनाएका छन् ।

# बज्रबाराही चापागाउँ अस्पतालको सुधारमा सरोकारवालाहरुको जोड




ललितपुर (जस)-ललितपुरको बज्रबाराही चापागाउँ अस्पताललाई गुणस्तरीय, उत्तरदायी र जनमैत्री सेवाको नमुना बनाउन सरोकारवालाहरुले जोड दिएका छन् । नेपाल पत्रकार महासंघ ललितपुर शाखाले बिहिवार यहाँ आयोजना गरेको अस्पतालको सामाजिक परीक्षणमा सहभागीहरुले अस्पतालको सुधार, सेवा विस्तार र जनविश्वास निर्माणमा जोड दिनुपर्नेमा आवाज उठाएका हुन् । सामाजिक परिक्षण कार्यक्रममा मन्तव्य राख्दै बागमती गाउँपालिकाका अध्यक्ष वीर बहादुर लोप्चनले बज्रबाराही चापागाउँ अस्पताललाई प्रभावकारी अस्पतालको रुपमा विकास गर्नुपर्नेमा जोड दिए । "महानगर वा नगरपालिकाले आफ्नै स्रोतले पनि अस्पताल सञ्चालन गर्न सक्छ, तर स्रोत र साधनको अभावमा गाउँपालिकालाई गाह्रो पर्छ," उनले भने, "नागरिकको हीतलाई हामीले ध्यान दिनुपर्छ, कुनै पनि विरामीले यहाँ आएपछि सेवा नपाउने अवस्था हुनुहुँदैन, जनचेतनाको माध्यमबाट यहाँको सेवाका बारेमा जानकारी दिँदै रोग लागेर उपचार गर्नुभन्दा रोग न्यूनीकरणतर्फ ध्यान दिनुपर्छ ।"

गोदावरी नगरपालिका वडा नं. १३ का अध्यक्ष भास्कर थापाले आफूले थाहा पाउँदा 'ससिखेल हेल्टपोष्ट' भनेर चिनिने यो अस्पताल बिहीबार प्रदेशस्तरीय अस्पतालका रुपमा विकास भएको उल्लेख गर्दै यस क्षेत्रका स्थानीयहरुको विश्वासिलो सेवा प्रवाह जरुरी भएको बताए । वडा नं. ११ का अध्यक्ष निलबहादुर देसारले विरामीको चाप बढ्दासमेत अस्पतालमा सेवा लिनेको संख्या घट्नु चिन्ताको विषय भएको बताए । उनले जनतामा अस्पतालप्रति विश्वास कायम गर्न प्रभावकारी सेवा प्रवाह जरुरी छ भने ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष रामहरि घिमिरेले सामाजिक परीक्षणबाट आएका सुझावलाई सुधारको अवसरको रूपमा लिएर कार्ययोजनामा समावेश गरिने जानकारी गराए । "हामी राजनीतिमा होइन, सेवामा केन्द्रित छौं, समितिले बनाएको योजना अनुसार साउनदेखि सुधारका काम हुन्छ' उनले भने । मेडिकल सुपरिटेन्डेन्ट डा ।. अंकुर पौडेलले अस्पतालमा पछिल्लो एक वर्षमा उल्लेखनीय प्रगति भएको उल्लेख गर्दै ९८ प्रकारका औषधि सधैं उपलब्ध नभएको, एम्बुलेन्स बिग्रिएको, अस्पतालको नाम नहुँदा सेवा प्रवाहमा समस्या हुनेलगायतका चुनौती प्रस्तुत गरे । "सेवाको गुणस्तरमा ध्यान दिँदै टोकन प्रणाली, सर्जरी सेवा, नाक कान घाँटीको उपचार जस्ता क्षेत्रमा सुधार ल्याएका छौं," उनले जानकारी दिए ।

# दिलभूषण पाठकलाई २५ हजार धरौटीमा रिहा गर्न आदेश




काठमाडौं(जस)-पत्रकार दिलभूषण पाठकलाई २५ हजार धरौटीमा रिहा गर्न अदालतले आदेश जारी गरेको छ । समाचार सम्प्रेषण गरेकै आधारमा साइबर अपराधको मुद्दा खेपेका पत्रकार पाठक विहीबार जिल्ला अदालत, काठमाडौंमा उपस्थित भएका थिए । प्रहरीको साइबर ब्युरोले तीन दिनअघि उनलाई फरार प्रतिवादी बनाएर साइबर अपराध मुद्दा चलाएको थियो । विहीबार न्यायाधीश खेमराज भट्टले २५ हजार धरौटीमा रिहा गर्न आदेश दिएको जिल्ला अदालत परिसरबाट पत्रकार नारायण अर्यालले जानकारी दिए ।

**'राज्यले मलाई साङ्केतिक रुपमा प्रयोग गरेर नागरिकको मुख बन्द गर्न खोज्यो'**

पत्रकार दिलभूषण पाठकले राज्यले साङ्केतिक रुपमा प्रयोग गरेर सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न गर्न रोक लगाउन खोजेको बताएका छन् । बिहीबार २५ हजार धरौटीमा छाड्न अदालतले आदेश दिएपछि नेपाल न्यूज बैंकसँगको विशेष कुराकानीमा उनले आफूलाई प्रयोग गरेर तमाम नागरिक समाज अथवा सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न नगर, तिमीहरुको हैसियत छैन् भन्ने जमर्को गरेको बताएका हुन् । उनले भने,'एउटा दिलभूषण पाठकलाई साङ्केतिक रुपमा प्रयोग गरेर तमाम नागरिक समाज अथवा सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न नगर, तिमीहरुको हैसियत छैन् भन्न खोजेको हो ।'

त्यस्तै उनले समाचारसँग चित्त नबुझ्ने पक्षले प्रसारणकर्तालाई प्रत्यक्ष संवाद गरेर त्रुटिवस भएका गल्तीहरु सच्याउने ठाउँ हुँदाहुँदै अभियोग लगाउनु र तर्साउने उद्देश्य भएको टिप्पणी गरे । न्याय क्षेत्रमा लागेका तमाम मानिसहरुले यो एउटा मुद्दा नागरिकको अभिव्यक्ति संकुचना गर्ने अथवा तिनको मुख बन्द गर्ने प्रयत्न भएका धारणा राखेको उनको भनाइ थियो । उनले आफूले पनि यस मुद्दालाई त्यसरी नै बुझेको बताए । उनले भने,'समाचारसँग चित्त नबुझ्ने पक्षले प्रसारणकर्तालाई प्रत्यक्ष संवाद गरेर त्रुटिवस भएका गल्तीहरु सच्याउने ठाउँ हुँदाहुँदै कसैलाई यो अभियोग लगाउनु तर्साउने उद्देश्य नै हो । न्याय क्षेत्रमा लागेका तमाम मानिसहरुले गरेको प्रश्न यो एउटा मुद्दा नागरिकको अभिव्यक्ति संकुचना गर्ने अथवा तिनको मुख बन्द गर्ने प्रयत्न हो ।'

पत्रकार पाठकले सार्वजनिक पदमा बस्ने मानिसहरु नागरिकका प्रश्नको जवाफ दिन तयार हुनुपर्ने, सार्वजनिक पदमा बस्ने मानिसहरुले आफ्नो सम्पत्ति सार्वजनिक गर्न थालेभने यस्तो खालको आक्षेपहरु लाग्न बन्द हुने आशयले आफूले भिडियो बनाएको स्पष्ट पारे । तर सो कन्टेन्टलाई नीजि औजारका रुपमा प्रयोग गरेर आफू माथि आक्रमण गर्ने प्रयास भएको उनको भनाइ छ ।

**धितोमा रहेको सम्पत्ति लिलाम डाँक बढाबढ विक्री सम्बन्धी**
**अन्तिम ७ दिने गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८२ असार २० गते, शुक्रवार)

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पती धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यहरुले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरु पटक-पटक उलंघन गरेकाले बारम्बार लिखित तथा मौखित ताकेता गर्नुका साथै प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८१ साल श्रावण १६ गते सवारी साधन बुझाउन आउने बारेको ७ दिने सूचना**, नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८१ साल कार्तिक ०७ गते ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना**, जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८१ साल पौष १५ गते धितोमा रहेको सम्पत्ति लिलाम डाँक बढाबढ विक्री सम्बन्धी ३५ दिने गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना**, जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८१ साल चैत्र १४ गते धितोमा रहेको सम्पत्ति लिलाम डाँक बढाबढ विक्री सम्बन्धी १५ दिने गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना** र सौर्य राष्ट्रिय दैनिक पत्रिकामा **मिति २०८२ साल वैशाख ०३ गते धितोमा रहेको सम्पत्ति लिलाम डाँक बढाबढ विक्री सम्बन्धी ७ दिने गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत आफुले बुझाउनुपर्ने ऋणको ऋणी तथा जमानीकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरि नतिरेको/नबुझाएको एंव ऋण जमानत दायित्व फाछ्र्यौट नगरेको हुँनाले ऋणी एंव धितो जमानतकर्ताले यस संस्थालाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पती धितो (सवारी साधन) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा र परिमाणमा यो धितो (सवारी साधन) लिलाम डाँक बढाबढ विक्रीको सूचना प्रकाशित गरिएको छ (विस्तृत विवरण मिति २०८१ साल पौष १५ गतेको जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा उल्लेख भए बमोजिम) । संस्था सँग भएको शर्त, कबुलियत, तमसुक बमोजिमको धितोको सवारी साधन जे जस्तो छ सोही अवस्थामा प्रचलित कानुन तथा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, ले दिएको अधिकार प्रयोग गरि तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलाम डाँक बढाबढ विक्रीको गोप्य सिलबन्धी बोलपत्र आव्हान गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक सर्वसाधाहरण तथा संघ संस्थाहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा प्रचलित कानुन तथा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६, ले दिएको अधिकार प्रयोग गरि **ऋणी तथा जमानीकर्ता**को अन्य चल, अचल जायजेथा, श्रीसम्पती बाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम | मोडल नं. | इन्जिन नम्बर | च्यासिस नम्बर | बनेको साल | सवारी दर्ता नम्बर | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | दिपेश लामा | HDJ10CR-GNMNZQ | 1HD-0308026 | JTEHC09J307020896 | 2006 | बा. २१ च. ७८४८ | ६५,००,००० |
| २ | अनिल थापा | MT15ABS | G3K5E0157639 | MEIRG591AL0028124 | 2020 | बा.प्र.-०२-०१९प ६९५२ | २,००,००० |
| ३ | पूर्ण बहादुर तामाङ | CJ12JRGHMEVO | 1KZ1712751 | JTEBY29J300060956 | 2007 | बा. ६ च. २९७५ | ६८,००,००० |
| ४ | राज कुमार तामाङ | KUN25R-PRMDH | 2KD-5670789 | MR0FR22G800607593 | 2012 | बा. ९ च. ७८४६ | २२,००,००० |

**लिलाम विक्रिका शर्तहरुः**

१. बोलपत्र फारम यस संस्थाबाट रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) तिरि खरिद गर्नुपर्नेछ ।
२. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुने नगद रकम धरौटी बापत तुरुन्तै (डाँक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ दिने भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा धरौटी रकम जफत गरिनेछ । त्यस पछि दोश्रो बढी कवोल गर्ने व्यक्तिलाई मौका दिईनेछ ।
४. धितो सुरक्षण रहेको चल/अचल सम्पती लिलाम विक्रीमा सकार गरी लिनेले चल/अचल सम्पती दाखिता/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको नगद रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
५. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा तोकिएको समयमा हुनेछ ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितोको सुरक्षणको चल/अचल सम्पती दिइने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाम हुने चल/अचल सम्पतीको बारेमा बुझ्नु पर्ने भएमा संस्थाको कार्यालयमा आई कार्यालय समय भित्र बुझ्नु पर्नेछ ।
८. सवारी साधन चालक ऋणी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनुपर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।
९. म्याद नाघि आएको वा रित नपुगी आएको वा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।
१०. कुनै अड्डा अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश आएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धीत व्यक्तिलाई फिर्ता दिइनेछ । तर सोमा कुनै ब्याज प्रदान गरिनेछैन ।
११. बोलपत्र स्वीकृत हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकममा ब्याज दावि गर्न पाईनेछैन ।
१२. धितो लिलाम बढाबढ विक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा संस्थाले उक्त चल/अचल सम्पत्तिको स्वामित्व आफुमा सकार गरि लिन सक्नेछ ।
१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थानः**
**लिलाम हुने मितिः** २०८२ असार २७ गते शुक्रवार
**स्थानः** संस्थाको प्रधान कार्यालय, टोखा-१०, सामाखुशी चोक
**समयः** दिनको २ : ०० बजे

**नव धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा नगरपालिका- वडा नं. १०, समाखुशी चोक, काठमाण्डौ
फोन नं. ०१-४९८३७७४, ५९००८५६

**Kalaiya Sub Metropolitan City**
**Office of Municipal Executive**
**Kalaiya, Bara**
**Madhesh Province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2082/03/20 (4th July, 2025)**

1. Kalaiya Sub Metropolitan City invites electronic bids from eligible bidders for the Integrated Solid Waste Processing and Management Services for Kalaiya Sub-Metropolitan City, this bidding is open only to prequalified Bidders Under the Single Stage:

| S. N. | Contract No. | Name of Contract | Deadline for Bid Submission | Date, Time and Place of Bid Opening |
|---|---|---|---|---|
| 1 | KSMC/NCB/RFP/ QCBS/1-2081/082 | Integrated Solid Waste Processing and Management in Kalaiya Sub Metropolitan City | 2082/04/23 (08th August, 2025) till 12:00 Noon | 2082/04/23 (08th August, 2025) 14:00 PM at Kalaiya Sub-Metropolitan City, Kalaiya |

2. For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative officer**

## सम्पादकीय

# सुनचाँदी व्यवसायीहरुका माग सम्बोधन गर

नेपालका सुनचाँदी व्यवसायीहरू विभिन्न मागहरू अघि सार्दै आन्दोलनरत छन् । लामो समयदेखि विभिन्न समस्याहरूको सामना गरिरहेका व्यवसायीहरुले सरकारले आवश्यक सुधारात्मक कदम चाल्न नसकेको भन्दै सडक संघर्षको बाटो रोजेका हुन् । आगामी आर्थिक वर्षको बजेटमार्फत् सरकारले २ प्रतिशत विलासिता कर तथा रत्न र पत्थरमा लगाएको १३ प्रतिशत कर लगाएपछि यो करले आफूहरुको व्यापारमा नकारात्मक असर पर्ने भन्दै उनीहरु आन्दोलित भएका हुन् । उनीहरुको मुख्य माग कर प्रणाली, सुनको आपूर्ति व्यवस्थापन, सुरक्षाको ग्यारेन्टी र व्यवसायमैत्री नीति निर्माणसँग सम्बन्धित छन् । नेपालमा सुनको कारोबारमा ठुलो हिस्साको नियन्त्रण नेपाल राष्ट्र बैंकले राखेको छ ।

सरकारले दैनिक एक तोलासम्म सुन आयात गर्न स्वीकृति दिँदा बजारको मागभन्दा निकै कम आपूर्ति भइरहेको छ । यो अवस्थाले कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धिलाई प्रश्रय दिएको व्यवसायीहरूको गुनासो छ । सुनको माग बढ्दो छ तर आपूर्ति अत्यन्तै न्यून हुँदा व्यवसाय चलाउन मुस्किल भएको भन्दै व्यवसायीहरू आन्दोलित भएका हुन् । सरकारले कर प्रणालीलाई कडाइका साथ लागू गर्ने क्रममा सुनचाँदी व्यवसायमा समेत नियमित अडिट, कर तिर्ने प्रक्रियामा कडाइ र भन्सार प्रक्रियामा कठोरता बढाएको छ । व्यवसायीहरु आफूहरुले कर तिरेको तर नीतिगत अस्पष्टता र अनावश्यक झन्झटले व्यवसाय नै संकटमा परेको भन्दै दुःखेसो पोखिरहेका छन् । उनीहरूले व्यापारीमैत्री कर प्रणालीको माग गरिरहेका छन् । जसले व्यवसाय प्रोत्साहित हुन् भन्ने उनीहरुको भनाई छ ।

सुनचाँदी व्यवसाय नगद र बहुमूल्य सामग्रीमा आधारित भएकाले प्रायः जोखिमयुक्त मानिन्छ । पछिल्ला केही घटनाहरुमा सुन पसलहरु लुटिएका, व्यवसायीहरु आक्रमणमा परेका वा ठगीमा परेको खबरहरु आउने गरेका छन् । व्यवसायीहरूले प्रहरी प्रशासनले यस्ता घटनामा चासो नदिएको, छानबिन प्रभावकारी नभएको भन्दै सुरक्षा प्रत्याभूतिकोसमेत माग गरेका छन् । त्यसो त नेपालमा सुन तस्करीको समस्या दीर्घकालदेखि चल्दै आएको छ । तस्करहरुले अवैध रुपमा सस्तो सुन भित्र्याउँदा इमानदार व्यवसायीहरु प्रतिस्पर्धाबाट बाहिरिँदै परेको छ । सरकारले तस्करी नियन्त्रण गर्न आवश्यक पहल नगरेको भन्दै व्यवसायीहरू आक्रोशित बनिरहेका छन् ।

आन्दोलनरत सुनचाँदी व्यवसायीहरुले दैनिक सुनको आपूर्ति कम्तिमा ५० किलो पुऱ्याउनुपर्ने, व्यवसायमैत्री कर नीति बनाइनुपर्ने, सुन तस्करी नियन्त्रण गर्न विशेष संयन्त्र बनाइनुपर्ने, व्यवसायीहरूको सुरक्षाको प्रत्याभूति दिनुपर्ने लगायतका माग राखेर व्यापार व्यवसाय बन्द गर्दै सटरमा कालो ब्यानर टाँगेर आन्दोलनमा उत्रिएका छन् । यी मागहरुसहित व्यवसायीहरुले काठमाडौं उपत्यकाका विभिन्न भागमा प्रदर्शन, प्रेस सम्मेलन, पसल बन्दजस्ता कार्यक्रमहरू गर्दै आएका छन् । व्यवसायीहरूको संगठन नेपाल सुनचाँदी व्यवसायी महासंघले वार्तामा बसेर समस्याको समाधान खोज्न सरकारलाई बारम्बार आग्रह गरिरहेको छ । सरकारले पनि व्यवसायीहरुको आन्दोलनलाई गम्भीर रुपमा लिएको दाबी गर्दै आएको छ । राष्ट्र बैंकले आपूर्ति बढाउने आश्वासन दिएको छ भने अर्थ मन्त्रालयले कर नीतिको पुनरावलोकन गर्ने बताएको छ । तर व्यवसायीहरू सरकारको आश्वासनभन्दा व्यवहारिक सुधार चाहेका छन् । केही दिन अघि प्रधानमन्त्री केपी शर्मा ओलीले पनि व्यवसायीहरुकसँगको छफलमा उचित मागहरु सम्बोधन गर्ने जनाएका थिए ।

अतः सुनचाँदी व्यवसायीहरूको आन्दोलन व्यवसायिक अस्तित्वको लडाइँ हो । सरकारले व्यवसायीहरुको गुनासोलाई सुनेर दीर्घकालीन समाधान खोज्नतर्फ अग्रसर हुनुपर्छ । सुनको आपूर्तिमा पारदर्शिता, कर प्रणालीमा सहजता, सुरक्षामा विश्वसनीयता र तस्करी नियन्त्रणमा कठोरता ल्याउन सके मात्र यो आन्दोलनको समाधान सम्भव हुनेछ । सरकार र व्यवसायी दुवै पक्षको सहकार्यमार्फत विश्वासको वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता हो ।

## स्वास्थ्य जानकारी

### किन देखिन्छ अनुहारमा सेतो दाग ?

काठमाडौं । कैयौं व्यक्तिहरुको अनुहारमा सेतो दाग देखिने गर्छ । यसबाट बच्नका लागि उनीहरु विभिन्न प्रकारका रासायनिक क्रिमहरुको प्रयोग गर्छन् । त्यस्तै विभिन्न घरेलु उपायहरु पनि अपनाउने गर्छन् तर पनि यस्ता दागहरु जाँदैनन् । यस्ता दाग आउनुको पछाडि अन्य कारणहरु लुकेका छन् । यस्ता दागहरु विशेषगरी शरीरमा केही भिटामिनहरुको कमीले गर्दा आउने गर्छन् । त्यसैले जानौं ती भिटामिनहरुको बारेमा जसको कमीले गर्दा अनुहारमा सेता दागहरु देखिने गर्छ ।

यदि तपाईंको शरीरमा भिटामिन सी को कमी छ भने तपाईंको अनुहारमा सेता दाग देखिन सक्छन् । भिटामिन सी ले शरीरमा इम्युनिटी बढाउने तथा छालामा चमक ल्याउने काम गर्छ । त्यसैले भिटामिन सी पाउन भरपूर फल तथा खानेकुरा सेवन गर्नुहोस् । भिटामिन ई को कमीले पनि अनुहारमा सेतो दाग आउँछ । यो भिटामिनले तपाईंको छालालाई हाइड्रेट राख्ने तथा छालामा चमक दिने काम गर्छ । जसको कमीले अनुहारमा सेतो दाग देखिन थाल्छ ।

भिटामिन बी को ग्रुप भित्र अन्य कैयौं भिटामिन आउँछन् । जसमा भिटामिन बी १, बी २, बी ६, बी १२ आदि पर्दछन् । जब तपाईंको शरीरमा भिटामिन बी ६ को कमी हुन्छ अनुहारमा सेतो दाग देखिन थाल्छ । त्यस्तै छालालाई स्वस्थ तथा सुन्दर बनाउनका लागि भिटामिन बी १२ को पनि एकदमै धेरै आवश्यकता पर्दछ । यसको कमीले पनि छालामा सेतो दाग, बुढ्यौलीपन आदि देखिन थाल्छ । त्यसैले यसको कमी पूरा गर्नका लागि तपाईं दूध तथा दूधबाट बनेका चिज, माछा, अन्डा आदि खान सक्नुहुन्छ ।

# मनसुनजन्य विपद् : विगतमा के भयो, के सिकियो ?

–प्रगति ढकाल

**जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले मनसुन अवधिभर 'मौसम कक्ष' २४ घण्टा सक्रिय हुने तथा बाढी र डुबानबारे पूर्वसूचना एसएमएस, टेलिफोन र भ्वाइस म्यासेज प्रणालीमार्फत सार्वजनिक गरिने बताए । नागरिकले '११५५' नम्बरबाट सिधा सूचना पाउने व्यवस्था गरिएको उनले जानकारी दिए ।**

नेपालमा विगत १० वर्षको अवधिमा मनसुनजन्य विपद्का घटनाहरू तीव्र रूपमा बढेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार २०७२ सालदेखि २०८१ सम्म मनसुनजन्य विपद्का घटनामा परी दुई हजार ३१७ जनाले ज्यान गुमाएका छन् । यस अवधिमा मनसुनसँग सम्बन्धित बाढी, डुबान, भूक्षय, भारी वर्षा, चट्याङ र आकस्मिक बाढीका कारण आठ हजार ४१८ विपद्का घटना भएका छन् । ती घटनाबाट ५६ हजार ७०५ परिवार प्रभावित भएका छन् । यसैगरी, ३६ हजार ४७९ घर, १९५ पुल र एक हजार ३४६ गोठमा क्षति पुगेको छ । विसं २०८१ को मनसुनजन्य विपद्को घटनाबाट ४९५ ले ज्यान गुमाएका छन् । त्यस वर्ष पहिरोमा परी ३४४, बाढीका कारण ९१, भारी वर्षाका कारण आठ र चट्याङका कारण ५२ जनाले ज्यान गुमाएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । सो वर्षको बाढीका कारण १८ र पहिरोका कारण ४८ जना अझै बेपत्ता छन् ।

**मृत्युदरमा पहिरोको प्रभाव बढी** : तथ्याङ्क विश्लेषण गर्दा पहिरोको कारण मानवीय क्षति बढी देखिएको छ । १० वर्षको अवधिमा पहिरोका कारण एक हजार २९६ जनाको ज्यान गएको छ । यस्तै, बाढीले ५३९ र चट्याङले ३८५ जनाको ज्यान लिएको छ । सो अवधिमा दुई हजार ६४९ जना घाइते भएका छन्भने ४१९ जना बेपत्ता छन् । सबैभन्दा बढी घोइते पनि पहिरोकै कारण भएको तथ्याङ्क छ । यस अवधिमा तीन हजार ५३२ पहिरोका घटना भएका छन्, जसबाट एक हजार १३६ घाइते र १७ हजार २३६ परिवार प्रभावित भएका छन् । भू-गर्भविद् डा सुबोध ढकालले बाढी पूर्वानुमान प्रणालीमा सुधार भए पनि पहिरोको पूर्वानुमान अझै चुनौतीपूर्ण रहेकाले यसबाट हुने मानवीय क्षति बढी भएको बताएका छन् । "पहिला बाढीका कारण धेरै मानिसको ज्यान जान्थ्यो, तर अहिले पूर्वानुमान प्रणालीको सुधारले जनधनको क्षति घटेको छ", उनले भने, "तर पहिरोका विषयमा पूर्वसूचना प्रणालीको विकास भएको छैन । अझै पनि पहिरो पूर्वानुमान गर्न गाह्रो छ ।"

डा ढकालका अनुसार पहाडका धेरै बस्ती पुराना पहिरो गएका जमिन क्षेत्रमै बसेकाले पनि जोखिम बढिरहेको छ । त्यस्ता ठाउँमा फेरि पहिरो जाने सम्भावना उच्च हुने गरेको उनको भनाइ छ । यस्तै, सडक तथा अन्य पूर्वाधार निर्माणका क्रममा वैज्ञानिक विधि नअपनाउँदा पनि जोखिम थप बढिरहेको ढकालले बताए । "सडक खन्ने बेलामा संवेदनशील ठाउँ पहिचान नगरेरै निर्माण गरेको पाइन्छ । प्रविधिको उचित प्रयोग नगर्ने चलन कायमै छ । यस्तै, जहाँ जमिन छ, त्यहीँ घर बनाउने प्रवृत्ति छ । त्यो ठाउँ पहिरोको जोखिममा पर्छ कि पर्दैन भन्ने विश्लेषण नभई घरहरू बनिरहेका छन्", उनी भन्छन्,"त्यसैले भू-उपयोग नीति वैज्ञानिक र व्यवस्थित हुनुपर्छ । प्राकृतिक प्रकोप न्यूनीकरणका लागि दीर्घकालीन सोच, वैज्ञानिक योजना र प्रविधिको उचित प्रयोग, पहिरोको पूर्वसूचना प्रणालीको विकास अपरिहार्य छ ।"

**यस वर्ष पनि बढी वर्षा** : मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिसकेको छ । विभागका महानिर्देशक कमलराम जोशीले मनसुनको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको भन्दै विशेष सतर्कता अपनाउन आवश्यक रहेको बताए । "यस मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ । कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनीको उत्तरी भू-भाग र गण्डकीका अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ", उनी भन्छन्, "सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनीको पश्चिमी भू-भाग, गण्डकीको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।" यसैगरी, मधेश प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छभने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको जोशीले सुनाए ।

**यसपटक बिस लाख प्रभावित हुने** : यस वर्ष मनसुनजन्य विपद्का कारण करिब २० लाख मानिस प्रभावित हुने आकलन गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ ले यस्तो आकलन गरेको हो । प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले यस वर्ष मनसनुजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसफ्या प्रभावित हुने आकलन गरिएको बताए । त्यसलाई मध्यनजर गरी आवश्यक पूर्वतयारी गरिएको पनि उनले जानकारी दिए । "यसपटक मनसुनबाट २० लाख मानिस प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुने अनुमान गरिएकामा दुई लाख मानिसचाहिँ प्रत्यक्ष प्रभावित हुनसक्ने अनुमान छ । जसलाई कुनै न कुनै रूपमा राहत व्यवस्थापन गर्नुपर्छ भनेर तयारी गरिरहेका छौँ", उनले भने, "स्थानीय तहमा स्वयंसेवकलाई तालिम दिइरहेका छौँ । सुरक्षा निकायसँग समन्वय गरी तयारी अवस्थामा राखेका छौँ । स्थानीय तहलाई विभिन्न तालिम दिएर बलियो बनाएका छौँ । नेपाल यातायात व्यवसायी महासङ्घसँग समन्वय गरेर विपद्को समयमा सवारीसाधन रोक्न अनुरोध गरेका छौँ ।"

**सूचना व्यवस्थापनमा जोड** : जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले मनसुन अवधिभर 'मौसम कक्ष' २४ घण्टा सक्रिय हुने तथा बाढी र डुबानबारे पूर्वसूचना एसएमएस, टेलिफोन र भ्वाइस म्यासेज प्रणालीमार्फत सार्वजनिक गरिने बताए । नागरिकले '११५५' नम्बरबाट सिधा सूचना पाउने व्यवस्था गरिएको उनले जानकारी दिए ।

**यस्ता छन् अन्य तयारी** : प्राधिकरणका अनुसार स्थानीय तहलाई नदी, खोलानाला सफा गर्र्न, ढल प्रणाली खुला राख्न, पहिरो सम्भावित क्षेत्रमा चेतावनी दिन, सुरक्षित स्थलमा अस्थायी आश्रय बनाउने कार्य प्राथमिकतामा राख्न भनिएको र सबै स्थानीय तहमा उद्धार टोली तयार पारिएको छ । नेपाली सेनाले विभिन्न हेलिकप्टर बेसहरूमा पूर्वतयारीसहित 'रेस्क्यु' टोली तैनाथ गर्ने र विपद् प्रतिकार्यमा हवाई उद्धारका लागि निजी हेलिकप्टर प्रयोग सम्बन्धमा वायुसेवा सञ्चालक सङ्घ र प्राधिकरणबीच समझदारीपत्रमा हस्तान्तरणसमेत भइसकेको छ । "विगतमा विपद् व्यवस्थापनमा भएका राम्रा र नराम्रा पक्षको विश्लेषणगरी आवश्यक पाठ सिकेका छौँ । कहाँ राम्रो भयो ? कहाँ चुक्यौँ ? के गर्दा थप राम्रो हुनसक्थ्यो भनेर समीक्षा गरेका छौँ । त्यही आधारमा यस वर्ष प्रतिकार्य योजना बनाएका छौँ", प्राधिकरणका कार्यकारी प्रमुख भट्टले भने, "विगतका अनुभव र सिकाइका आधारमा यस वर्ष पूर्वतयारीमा जोड दिएका छौँ । त्यसैले विगतभन्दा हाम्रो योजना सफल र प्रभावकारी हुने विश्वास छ ।"

# रंगमञ्चमा रेखाको इन्ट्री

–अशेष अधिकारी

**आज २४ वर्षपछि म फेरि १८ वर्षकी मीरा हुने अभ्यास गरिरहेकी छु । यसमा दुईवटा मीरा छन्- एउटा १७–१८ वर्षकी र अर्को ३५–३६ वर्षकी । मलाई अहिलेको अभ्यासले पहिलाकै ऊर्जा बोकेकी रेखा थापा भएको अनुभव भइराखेको छ । अभ्यास गरिरहँदा पहिलो फिल्ममा डेब्यू गर्दाको अनुभव अहिले मलाई भइरहेको छ ।**

करिब एक महिनादेखि नेपाली सिने उद्योगकी पहिलो महिला सुपरस्टार रेखा थापा झण्डै साढे दुई दशकदेखि आफू व्यस्त रहेको क्षेत्रभन्दा फरक अवस्थामा आ^नो दैनिक चारदेखि पाँच घण्टा व्यतित गरिरहनुभएको छ । 'हिरो' फिल्मबाट नेपाली रजतपटमा डेब्यू भएकी 'स्टार' अहिले ठूलो पर्दाको आकाशबाट नाटकको धर्तीमा आफूलाई अभ्यस्त गराइरहनुभएको छ । अर्थात उहाँ आ^नो अभिनय करियरमा पहिलोपटक मञ्चमा मञ्चित हुनुहुँदैछ । कान्तिपुर थिएटर, गैरीधारामा आज जेठ १५ गते पहिलोपटक दीपक सिंजाली लिखित तथा सुन्दर धिताल निर्देशित 'मीरा'बाट डेब्यू हुन लागेको संयोग सुनाउँदा उहाँ केही कौतुहलतासहितको एउटा फरक उत्साह अनुभूत गरिरहनु भएको छ । नाटकका लागि केही वर्षअघि दुईवटा नाटक गर्ने प्रस्ताव आएको थियो । त्यो लकडाउनको सेरोफेरोमा आएको प्रस्ताव थियो । तर आ^नो व्यस्त दैनिकीले नाटकका लागि दिनुपर्ने एक डेढ महिनाको समय उहाँका लागि त्यतिबेला सम्भव थिएन, त्योसँगै उहाँलाई नाटकमा गर्छु वा गर्ने भन्ने आत्मविश्वास पनि नभएको उहाँले बताउनुभयो । 'रिहर्सल अनि दैनिक मञ्चनजस्ता कुरा मेरा लागि फरक संसार जस्तो कुरा थियो । समय व्यवस्थापनमा नै समस्या देखेकाले मैले त्यतिबेला चासो दिइन', उहाँले भन्नुभयो । तर यसपटक कसरी उहाँको मञ्च उक्लने कुरा सम्भव भयो त ? यो सम्भव गराउने काम कान्तिपुर फिल्म एकेडेमी तथा कान्तिपुर थिएटरका संचालक प्रकाश पुरीको मुख्य हात रहेको उहाँको भनाइ छ ।

पुरीले स्क्रिप्ट राइटरका रूपमा रेखा फिल्म्सबाट नै डेब्यू गर्नुभएको हो । 'प्रकाशले नाटकघर सञ्चालन गर्न लाग्नुभएको र म आफैँले उहाँको क्षमता देखेर डेब्यूसमेत गराएकाले उहाँमाथिको विश्वास र समय संयोजन गर्न सक्ने दुबै संयोग मिलेकाले नाटक गर्ने निर्णय गरें', उहाँले भन्नुभयो । उहाँलाई यतिले मात्र नभई 'मीरा' उपन्यासको कथाले पनि बलियो गरी आकर्षण गऱ्यो । 'कथा सुनेपछि १५ दिन 'मीरा'को जीवन एकपटक जिएर हेरौँ न भनेर हो । मीरा एउटा सच्चा क्रान्तिकारी हो । ऊ भावुक पनि छ । समाज र परिवारका बन्धनले उसलाई कसरी भित्रभित्र खाइरहेको छ र त्यो कुरालाई ऊ कसरी सामना गर्छे भन्ने कुराले मलाई मञ्चमा 'मीरा' हुन मन लाग्यो', उहाँले भन्नुभयो । थापाका अनुसार प्रेमका विभिन्न प्रकारहरू देखिने र तिनमा समाजका विविध कुराको प्रभाव र असर पर्ने गरेको छ । प्रेममा जातका कुरा, समुदायका कुरा, आर्थिक वर्गका



कुरा, समाजका कुरा तथा दुई परिवारका द्वन्द्वलगायतका कुराहरूले प्रभाव पार्ने उहाँ बताउनुहुन्छ । मीरा' नाटकमा यसकी शीर्षक पात्र 'मीरा'को प्रेमकथा हामीले आमरूपमा सोच्दै-हेर्दै-देख्दै-पढ्दै आएको प्रेमकथाहरूभन्दा फरक भएको उहाँको भनाइ छ । 'एउटा यस्तो फरक प्रेमकथा छ, जुन तपाईं हामीले झट्टै सोचिहाल्ने वा अनुमान गरिहाल्ने किसिमको छैन । त्यो प्रेमकथामा वास्तविक जीवनकी रेखा थापा थियो भने त्यही प्रकारको विद्रोह गर्न सक्थी ? के उसले त्यो प्रेम गर्न सक्थी ? कसलाई छनोट गर्थी होला ? समाज, परिवार, प्रेमी या प्रेममा कृष्णकी मीराझैँ हुन्थी ? यस्ता प्रश्नको उत्तर यो नाटकमा छ', उहाँले भन्नुभयो ।

त्यसैगरी थापाले आफूलाई एउटा विद्रोही अभिनेत्रीका रूपमा हेरिने भए पनि आफूमा 'मीरा' पात्रको झैँ विद्रोही नभएको बताउनुभयो । 'प्रेमको मामिलामा त मैले विद्रोह नै गर्न पाइन । समाजसँग जुन विद्रोह गर्ने रेखा थापा छ, अन्याय अत्याचारविरुद्ध, पात्र त्यस्तै हो तर मीरा अझ बढी सशक्त र विद्रोही हो', उहाँले भन्नुभयो । यसैगरी नाटकको अभिनय र सिनेमाको अभिनय दुबै अभिनय नै भए तापनि थापाको एक महिनाको अनुभवले उहाँ यसलाई बिना एक्सन-कटको फिल्म मान्नुहुन्छ । 'दुबैमा प्रयोग हुने त अभिनयका नवरस नै हुन्, तर यसमा एक्सन-कट, टेक-रिटेक भन्ने हुन्न । रिहर्सल पढाइ हो भने मञ्चन त्यसको परीक्षा जहाँ उत्कृष्ट हुनु जरुरी छ, जस्ट पास भन्ने नै हुँदैन', उहाँले भन्नुभयो, 'दर्शकसँग प्रत्यक्ष रहेर गर्ने काम हो । म मेरो पात्रमा सजीव हुनुपर्छ । यसमा भेटेको फरक भनेको शुद्धता, किनकि यसमा एडिटिङ भन्ने हुन्न, भ्वाइस डब भन्ने हुन्न, अलिकति ठूलो स्वरमा बोल्नुपर्छ । एउटै र^तारमा बहनुपर्छ ।' नाटकलाई लिएर उहाँ अहिले आत्मविश्वासमा हुनुहुन्छ भने यो महिना दिनको अवधिले उहाँलाई 'हिरो' फिल्मबाट डेब्यू हुनुअघिको तयारीका दिनहरूको सम्झना गराइरहेको स्मरण गर्नुभयो । 'जीवनमा म दोस्रोपटक यसरी अभ्यास गरिरहेकी छु । 'हिरो' फिल्ममा डेब्यू हुने भएपछि १६ वर्षकी रेखा थापाले नृत्य र अभिनयको प्रशिक्षण लिएको सम्झना मलाई यतिखेर भइरहेको छ । विश्व बस्नेत (अन्याय फिल्मका नायक) ले अभिनय सिकाउनुहुन्थ्यो भने कमल राईले नृत्यको अभ्यास गराउनुहुन्थ्यो । आज २४ वर्षपछि म फेरि १८ वर्षकी मीरा हुने अभ्यास गरिरहेकी छु । यसमा दुईवटा मीरा छन्- एउटा १७-१८ वर्षकी र अर्को ३५-३६ वर्षकी । मलाई अहिलेको अभ्यासले पहिलाकै ऊर्जा बोकेकी रेखा थापा भएको अनुभव भइराखेको छ । अभ्यास गरिरहँदा पहिलो फिल्ममा डेब्यू गर्दाको अनुभव अहिले मलाई भइरहेको छ ।'

यस्तै, सिनेमामा अभिनय गर्ने रेखा र अब नाटकमा देखिने अभिनेत्री रेखामा फरक अनुभव गरिरहेको उहाँले बताउनुभयो । 'यहाँ अझ बढी राम्रोसँग अभिनय गर्न पाइन्छ । एक्सन-कट हुँदैन, पात्रको संवेगसँग बग्नुपर्छ । एउटा लयमा बग्न पाइन्छ । अझ राम्रो प्रस्तुति 'मीरा'मा हुनेछ भन्ने मेरो विश्वास छ', उहाँले भन्नुभयो । आगामी दिनमा नाटकमा पुनः रेखा थापा मञ्चित हुने-नहुने कुरा आफूलाई आउने नाटकका प्रस्तावमा भर पर्ने उहाँले बताउनुभयो । समय जुर्दा आगामी दिनमा राम्रा कथा भएका नाटकलाई स्वीकार गर्ने उहाँको भनाइ छ । 'मेरा लागि रङ्गमञ्च होस् या सिनेमा, अभिनय उत्तिकै सम्मानीत र प्रगाढ भएर बसेको छ । त्यसैले नाटकका लागि भविष्यमा पनि म खुला नै हुनेछु', उहाँले भन्नुभयो । एक महिने नाटक जीवनपछि थापाको नजरमा नाटक एउटा साधना र ध्यानजस्तो भएको अनुभव हुन गएको छ । अब रेखा १५ गतेको पर्खाइमा हुनुहुन्छ । त्यतिखेर दर्शकका लागि आफू एउटा 'सरप्राइज' बनेर आउनेमा ढुक्क हुनुहुन्छ । यो नाटकले थापालाई धेरै उत्साह भरेको छ । उहाँ यो नाटकलाई मञ्चबाट बाहिर लाने सोचमा पनि रहनुभएको छ ।

'हुनसक्छ यो सिनेमा नै बन्नेछ, तर त्यो नभएमा सिरिजका रूपमा निश्चित रूपमा आउनेछ । मैले यसका लागि निर्देशक सुन्दर धितालसँग कुरा गरिराखेकी छु ।' कुराकानीका क्रममा साथै रहेका निर्देशक सुन्दर धितालले सुरुमा नाटकका लागि प्रस्ताव गर्न केही हिच्किचाएको भए पनि प्रस्ताव गरिसकेपछि अभिनेत्री थापालाई पूर्ण रूपमा एउटा निर्देशकको कलाकारका रूपमा भेटेको सुनाउनुहुन्छ । निर्देशकका कलाकारका रूपमा उपस्थित भएकाले थापालाई नाटक गराउन सहज भएको र आफूले चाहेको आकारमा नै उहाँले बताउनुभयो । 'मलाई उहाँसम्म पुग्न कठिन थियो सुरुमा, तर कान्तिपुर एकेडेमीमा आएर प्रकाश सरसँग कुरा गरेपछि सरले म उपन्यास पढ्छु भन्नुभयो । उहाँले "दिदी पनि बगाले थापा हो र पात्र पनि, एकपटक कुरा गर्ने हो" भन्नुभयो । अनि उहाँलाई सोधियो, उहाँले सुन्छु भन्नुभयो । उहाँले मन पराउनुभयो र गर्न तयार हुनुभयो । तर सुरुमा मलाई यो चिज असम्भव लागिरहेको थियो', उहाँले भन्नुभयो । नाटक जेठ १५ गते बिहीबारबाट असार ७ गतेसम्म प्रत्येक दिन बुधबार बाहेक ५:३० बजे मञ्चन हुनेछ ।

# हिउँ चितुवा गुफा जाने बाटोमा पदमार्ग निर्माण



मुस्ताङ (जस)- मुस्ताङको घरपझोङ-५ ठिनी गाउँ नजिकै रहेको हिउँ चितुवा गुफा जाने बाटोमा गण्डकी प्रदेश सरकारले पदमार्ग निर्माण गरेको छ । प्रदेश सरकारद्वारा सूचिकृत मुस्ताङका १० पर्यटकीयस्थलमध्ये हिउँ चितुवा गुफा पनि एक रहेकाले यहाँ पुग्ने पदमार्ग निर्माण गरिएको हो । यहाँको दुर्लभ मानिएको यस गुफाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेशको पर्यटन तथा उद्योग कार्यालयमार्फत विभिन्न भौतिक संरचना निर्माण सम्पन्न गरिएको जनाइएको छ । यहाँस्थित पर्यटन तथा उद्योग कार्यालयले चालु आर्थिक वर्षका लागि वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत विनियोजित रु २० लाखबाट गुफा संरक्षण तथा पदमार्गलगायत संरचना निर्माण गरिएको कार्यालयका प्रमुख प्रेम पौडेलले जानकारी दिए । उनका अनुसार गुफा जाने बाटोको प्रवेशद्वारबाट गुफासम्म करिब तीन सय मिटर उकालोमा रेलिङसहित सिँढी निर्माण गरिएको छ । गुफा संरक्षणका लागि गुफा नजिकको भिरालो सतहमा तारजाली (ग्याबिन) वाल लगाइएको पौडेलले उल्लेख गरे ।

ठिनी गाउँ नजिकैको भिरालो पाखोमा अवस्थित यस गुफाको संरक्षण तथा पदमार्गसहित अन्य आवश्यक पूर्वाधार निर्माण स्थानीय उपभोक्ता समितिमार्फत सम्पन्न गरिएको उनले जानकारी दिए । यसका अतिरिक्त पर्यटन तथा उद्योग कार्यालयले यस गुफालाई पर्यटक गन्तव्यका रूपमा पहिचान झल्किने गरी पर्यटक आकर्षित गर्न प्रवेशद्वारमा हिउँ चितुवाको एकथान माउ र बच्चाको मूर्ति निर्माण गरेको प्रमुख पौडेलले उल्लेख गरे । उनका अनुसार हिउँ चितुवाको मूर्ति वारागुङ-४ तिरीका स्थानीय कालीगढ कुङ्गा गुरुङले निर्माण गरेका हुन् । समुद्री सतहबाट दुई हजार ९०० मिटरको अग्लो भिरालो सतहमा अवस्थित ठिनी गाउँ नजिकैको हिउँ चितुवा गुफालाई स्थानीय थकाली भाषामा 'थेक्कुम' भन्ने गरिन्छ । 'यस गुफामा प्रसिद्ध भिक्षु उर्गेन पाल्साङले ध्यानसाधना गरेको स्थानका रूपमा लिने गरिएको छ सोही कारण अझै पनि यहाँ ध्यान गर्ने कोठा छन् । गुफाका लागि बाटो बनाउने क्रममा अन्य दुई गुफा पनि फेला परेका छन् । योसँगै यहाँ तीन वटा हिउँ चितुवा गुफा छन्', प्रमुख पौडेलले भने । मुस्ताङको ठिनी गाउँमाथिको उच्चलेकमा दुर्लभ तथा लोपोन्मुख हिउँ चितुवासहित अन्य वन्यजन्तुको बाँसस्थान छ । हिउँ चितुवाको अध्ययन अनुसन्धानकर्ताका लागि यस गुफाको नाम हिउँ चितुवा घोषित गरिएको उनको भनाइ छ ।

मुस्ताङ सदरमुकाम जोमसोमबाट पूर्वतर्फ करिब दुई किलोमिटर टाढा पर्ने पर्यटकीय तथा धार्मिकस्थल ढुम्बाताल, कुछप तेरङ्गा गुम्बा र घरपझोङ किल्ला जाने रिङरोड सडकमा पर्ने ठिनी हिउँ चितुवा गुफाको पर्यटन प्रवर्द्धन गर्न र यहाँ आउने पर्यटकको बसाइँ लम्ब्याउन पर्यटकीय पूर्वाधार निर्माण गरिएको जनमुक्ति युवा क्लबका पूर्वअध्यक्ष सञ्जय थकालीले जानकारी दिए । उनका अनुसार गुफाभित्र ढुङ्गामा कुँदिएका तिब्बतीय अभिलेख रहेका छन् । गुफामा सयौँ वर्ष पहिले भिक्षुले ध्यान गरेकाले यहाँ लुङ्ता (ध्वजा)हरू राख्ने गरिएको छ । गुफा रहेको स्थानबाट मुस्ताङको कालीगण्डकी करिडोर, जोमसोम, स्याङ, मार्फा, ढुम्बाताल, ठिनी गाउँ, धौलागिरि र निलगिरि हिमाललगायत आसपासका पहाड र खेतीयोग्य भू-भाग मनमोहक देखिन्छन् ।

प्रदेश सरकारअन्तर्गत पर्यटन तथा उद्योग कार्यालयले चालु आर्थिक वर्ष मुस्ताङका विभिन्न धार्मिक तथा पर्यटकीय गन्तव्यको पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि ११ वटा आयोजना कार्यान्वयनमा ल्याइएको जनाएको छ । कार्यालयका अनुसार प्रदेशका विभिन्न स्थानमा पर्यटकीय पदमार्ग, क्याम्पिङ साइड, ध्यानकेन्द्र, पद्मसम्भव मूर्ति स्थापन तथा पूर्वाधार निर्माण, साइक्लिङ पदमार्ग, गुम्बा मर्मत, झोङ गुफा प्राङ्गण मर्मत तथा सुधार, हिउँ चितुवा पदमार्ग र धार्मिकस्थलका माने छोर्तेनलगायत पर्यटकीय गन्तव्य निर्माण भइरहेका छन् ।

# बारपाकको दलित बस्ती घरधुरी २१, शौचालय एक

गोरखा (जस)- दिपासा बिक (१८ महिने सुत्केरी) हरेक दिन बिहानको ३-४ बजे हातमा लोटा लिएर घरमाथिको शौचालय पुग्छिन् । ३० वर्षकी उनीसँगै छरछिमेकका अन्य छोरी बुहारीहरु कोही एकाबिहानै र कोही मध्यरातमा शौचालय धाउँछन् । बारपाक सुलिकोट गाउँपालिका वडा नं-२ दलितबस्तीका महिलाहरु यसरी मध्यरातमा शौचालय धाउनुपर्ने कारण चाहीं, 'घरधुरी २१, शौचालय एक' भएर हो। तुलनात्मक रुपमा सम्पन्न बारपाकको पुछारमा रहेको दलित बस्ती सबै हिसाबले पिछडिएको छ । २०७२ सालको विनाशकारी भूकम्प गएको १० वर्ष बितिसक्दा पनि यहाँका बासिन्दा अझै त्रिपालभित्र बस्न विवश छन् । दलित बस्तीको मुख्य समस्या शौचालय हो । २१ घरधुरी रहेको दलित बस्तीमा जम्मा एउटा शौचालय छ । त्यो पनि जीर्ण । राम्रोसँग ढोका पनि नलाग्ने ।

सिङ्गो दलित बस्तीलाई शौचालयको समस्याले पिरोलेको अर्का स्थानीय दिपासा बिक गुनासो गर्छिन् । 'सरकारले हामीलाई घर बनाइदिन्छौं, जग्गा दिन्छौं भनेर १० वर्षअघि यहाँ ल्यायो । हामीले हाम्रो पुरानो घरघडेरीको लालपूर्जा पनि सरकारलाई दिइसक्यौं तर, के गर्नु अहिलेसम्म घर त के, गतिलो शौचालय समेत बनाउन सकेका छैनौं', उनले भनिन्, 'हामी अहिले सरकारी जग्गामा बस्दै आएका छौं । आफ्नो हिसाबले शौचालय बनाउन पनि सक्दैनौं ।'

शौचालय नहुँदा विशेषगरी यहाँका महिला तथा किशोरीहरु समस्यामा छन् । १६ वर्षकी अर्की किशोरी अमृता बिकले घरैपिच्छे शौचालय नहुँदा धेरै दुःख सहनु परेको गुनासो गरिन् । उनी भन्छिन्, 'सबैभन्दा धेरै समस्या महिनावारीको समयमा हुन्छ । एउटा मात्र शौचालय छ, बिहान बेलुका धुँइचो लाग्छ । राति पनि जाँडरक्सी खाएका केटाहरुले धेरै फोहोर गर्दिन्छन् ।' व्यवस्थित शौचालय नहुँदा बस्तीका मानिसले खुल्ला दिसापिसाव गर्न बाध्य रहेको उनको भनाइ छ ।

२१ घरधुरीका ५० भन्दा धेरै व्यक्तिले एउटै शौचालय प्रयोग गर्दा बस्तीमा बेलाबखत सरुवा रोग समेत फैलिने गरेको छ । स्थानीय मङ्गलबहादुर सुनारका अनुसार बस्तीमा हैजा, ज्वरो, झाडापखाला, रुघाखोकी लगायतका सरुवा रोगहरु फैलिरहन्छ । 'यहाँ त सबैलाई कोरोना आए कोरोना, भाइरल ज्वरो आए भाइरल ज्वरो, डेंगी आए सबैलाई डेंगी हुने हो', उनले भने, 'सबैले एउटै शौचालय प्रयोग गर्दा गर्मी समयमा सजिलै रोग फैलन्छ ।' उनका अनुसार कोभिड महामारीको समयमा मात्र बस्तीका पाँच जनाको मृत्यु भएको थियो । आफूहरु फोहोरमैलामा बसेका कारण सामाजिक रुपमा अपहेलित हुनु परेको अर्की स्थानीय ५७ वर्षकी मैती सुनार बताउँछिन् । उनी भन्छिन्, 'भेदभाव किन नहोस्, सबैको ठुल्ठूला महल छन्, सफा आँगन ट्वाइलेट छ । हामी भने यस्तो फोहोरमा बस्छौं । हेलाहोचो भैहाल्छ नि ।' बारपाकको सौन्दर्यमा मन्त्रमुग्ध हुने जो कोहीले त्यही मुनि खोल्साको छेउको दलित बस्तीमा भने नजर लाउन छुटाइरहेका हुन्छन् ।

२०७२ साल वैशाख १२ गते ११:५६ बजे बारपाक केन्द्रविन्दू भएर गएको ७.८ रेक्टरको भूकम्पले यहाँका एघार सय घरधुरी क्षणभरमै ढले । गाउँका ७२ जनाको मृत्यू भयो । बाँचेकाहरु पनि महिना दिनसम्म चौरमा, बारीका गरामा बास बसे । डाँडागाउँ, गैरीगाउँ, कोटडाँडा टोलका ४१ घरधुरी बिक समुदाय कृषि र पशु कार्यालयको नाउँमा रहेको जग्गामा आएर अस्थायी टहरो बनाएर बसे । १४ घरधुरी फेरि आ-आफ्नै थातथलोमा फर्किए । डाँडागाउँ, गैरीगाउँ टोलका २७ घरधुरीको पुरानो थलो पहिरिएर राङरुङखोलासम्म पुग्यो । फर्किन सक्ने अबस्था नभएपछि उनीहरुले आफ्नो घरघडेरीको लालपूर्जा सरकारलाई बुझाए र सट्टापट्टा गरी सोही सरकारी जग्गा आफ्नो नाउँमा ल्याउन पहल थाले । पहल गरेको १० बर्ष बितिसक्दा पनि अझै सफल हुन सकेको छैनन् । राज्यको हरेक निकायमा दलित, भूमिहीन समुदायलाई प्राथमिकतामा राखेर सेवा सुविधा दिइन्छ, तर भूकम्पको केन्द्रविन्दू बारपाककै दलित समुदायको भने भूकम्प गएको पहिलो दिनदेखि १० बर्ष बितिसक्दासम्म टहरोकै बास छ ।

यहाँका दलित समुदायका अगुवा सुकबहादुर बिक दलित समुदायलाई बास माग्दै ८६ पटक सिँहदरबार धाएको बताउँछन् । 'मैले बुझेअनुसार हामीलाई अन्याय भएको राजनीतिक प्रतिशोधले हो', उनी भन्छन्, 'यो दलित बस्तीलाई पुनस्थापना गर्ने लडाइँ १० बर्ष भइसक्यो, प्रगति छैन । एउटा पार्टी सरकारमा आउँदा जिल्लासम्म पत्राचार गर्छ । फेरि अर्को पार्टीको सरकार आउँछ, अनि सबै फाइल गायब बनाइदिन्छन् ।'

पूर्व सहमति अनुसार यहाँको ६ रोपनी १० आना जग्गा २१ घरधुरीका नाममा लालपूर्जा दिनुपर्ने अर्का अगुवा दलित उत्तम बिक बताउँछन् । गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट सो जग्गा दलित समुदायको नाममा दिलाउन जति प्रयास गर्दा पनि नसकेकाले कुनै बैकल्पिक ठाउँमा व्यवस्था गर्न बरु सजिलो हुने देखिएको बताउँछन् ।

## विदेश

# अमेरिका–भियतनाम व्यापार सम्झौताले चीनमा नयाँ अनिश्चितता सिर्जना

हनोई (एजेन्सी)- संयुक्त राज्य अमेरिकासँगको भियतनामको व्यापार सम्झौताले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'पारस्परिक' भन्सार शुल्कको सबैभन्दा बढी दण्डलाई रोकेको छ । यद्यपि विश्लेषकहरूले यसले वासिङ्टन र बेइजिङबीच नयाँ गतिरोध निम्त्याउन सक्ने चेतावनी दिएका छन् । दक्षिणपूर्वी एसियाली यो राष्ट्रसँग चीन र मेक्सिकोपछि संयुक्त राज्य अमेरिकासँग तेस्रो सबैभन्दा ठूलो व्यापार बचत छ र अप्रिल २ मा अमेरिकी राष्ट्रपतिको 'मुक्ति दिवस' भन्सार शुल्क आक्रमणमा उच्च दरहरूमध्ये एकको साथ लक्षित गरिएको थियो ।

बुधबार घोषणा गरिएको सम्झौता ट्रम्पले एसियाली राष्ट्रसँग गरेको पहिलो पूर्ण सम्झौता हो । यसले अझै पनि सम्झौताका लागि सङ्घर्ष गरिरहेका अन्य देशसँग वासिङ्टनले प्रयोग गर्ने टेम्प्लेटको झलक दिन सक्ने विश्लेषकहरूले बताएका छन् । अर्को हप्ता लागू हुने ४६ प्रतिशत दरबाट बचेको भियतनामले कारहरू सहित अमेरिकी उत्पादनहरूका लागि आफ्नो बजार खोलेको बदलामा न्यूनतम २० प्रतिशत शुल्कको सामना गर्नेछ । तर ४० प्रतिशत भन्सार शुल्क ती सामानहरूमा लाग्नेछ जुन उच्च व्यापारिक बाधाहरू छलेर देशबाट गुज्रिन्छ । यसलाई 'ट्रान्ससिपिङ' भनिन्छ ।

वासिङ्टनले हनोईमाथि आफ्नो भन्सार शुल्क छली गर्न चिनियाँ सामानहरूलाई पुनः लेबल गरेको आरोप लगाएको छ, तर विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनका कच्चा पदार्थहरू भियतनामको उत्पादन उद्योगहरूको जीवनरेखा हुन् । "विश्वव्यापी दृष्टिकोणबाट, सायद सबैभन्दा चाखलाग्दो कुरा के हो भने यो सम्झौता फेरि ठूलो मात्रामा चीनको बारेमा देखिन्छ", क्यापिटल इकोनोमिक्सले भनेको छ, "विशेष गरी यदि आउँदो दिनमा सहमत भएका अन्य कुनै सम्झौतामा यस्तै सर्तहरू समावेश गरिएको छ भने यसले ट्रान्ससिपमेन्टका सर्तहरूलाई बेइजिङमा उक्साहटका रूपमा हेरिनेछ ।"

- लुकेको प्रश्न -

भियतनाममा ठूलो उपस्थिति रहेको कपडा कम्पनीहरू र खेलकुद उपकरण निर्माताहरूका सेयरहरू न्युयोर्कमा सम्झौताको समाचारमा बढेका छन् । तर विवरणहरू जारी भएपछि तिनीहरू तीव्र रूपमा घटे । "यो फ्ल्याट ४६ प्रतिशत भन्सार शुल्कभन्दा धेरै राम्रो परिणाम हो, तर मैले अझै उत्सव मनाउने छैन", हनोईस्थित एसियाली व्यापार सल्लाहकार फर्म देजान शिरा एन्ड एसोसिएट्सका डान मार्टिनले भने, "अब सबै कुरा अमेरिकाले ट्रान्ससिपमेन्टको विचारलाई कसरी व्याख्या गर्ने र लागु गर्ने भन्ने कुरामा निर्भर गर्दछ । यदि अमेरिकाले व्यापक दृष्टिकोण लिन्छ र विदेशी पार्ट्सहरू प्रयोग गर्ने उत्पादनहरूमाथि प्रश्न गर्न थाल्छ भने, भियतनाममा वास्तविक रूपमा मूल्य थपिए पनि यसले नियमहरूअनुसार खेलिरहेका धेरै कम्पनीहरूलाई असर गर्नसक्छ ।"

भियतनामको सरकारले बुधबार राति एक वक्तव्यमा सम्झौता अन्तर्गत देशले 'ठूला इन्जिनका कारहरू सहित अमेरिकी सामानहरूका लागि प्राथमिकताको बजार पहुँच' को वाचा गरेको बताएको छ । तर उक्त वक्तव्यले ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा घोषणा गरेको सम्झौतामा ट्रान्ससिपमेन्ट व्यवस्थाहरूको बारेमा थोरै विवरण दिएको छ । ब्लुमबर्ग इकोनमिक्सले सम्झौताको परिणामस्वरूप भियतनामको कुल घरेलु उत्पादन (जिडिपी) को दुई प्रतिशतभन्दा बढी खतरामा पर्न सक्छ भन्दै हनोईले मध्यम अवधिमा संयुक्त राज्य अमेरिकामा आफ्नो निर्यातको एक चौथाइ गुमाउन सक्ने पूर्वानुमान गरेको छ ।

ट्रान्ससिपिङ कसरी 'परिभाषित वा लागु' हुनेछ भन्ने अनिश्चितताले कूटनीतिक असर पार्ने सम्भावना रहेको ब्लुमबर्ग इकोनमिक्सका विशेषज्ञ राणा साजेदीले बताए । "अब चीनले कसरी प्रतिक्रिया दिनेछ भन्ने प्रश्न उठेको छ, बेइजिङले स्पष्ट पारेको छ कि यसले चिनियाँ हितहरूको खर्चमा आएका सम्झौताहरूलाई जवाफ दिनेछ", उनले भने, "भियतनाम हुँदै 'ट्रान्ससिप' गरिएको मानिने सामानहरूमा उच्च भन्सार शुल्कमा सहमत हुने निर्णय त्यस श्रेणीमा पर्न सक्छ । कुनै पनि जवाबी कदमले भियतनामको अर्थतन्त्रमा ठूलो असर पार्न सक्छ ।"

# गाजामा विरामी वा घाइते भएकाहरु उपचारका लागि जोर्डनमा

काठमाडौं (एजेन्सी)- गाजा पट्टीमा घाइते भएकाहरु चिकित्सा उपचारका लागि जोर्डन आइपुगेका छन् । जसमध्ये १९ जना बालबालिका छन् । जोर्डनको स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य संगठनको समन्वयमा ४० परिवारका सदस्यहरूलाई व्यावसायिक चिकित्सा टोलीहरूबाट उपचार प्राप्त गर्नेछन् । बिरामी वा घाइतेहरूलाई स्थानीय सार्वजनिक र निजी अस्पतालहरूमा स्थानान्तरण गरिनेछ । उपचारपछि उनीहरुलाई तुरुन्तै गाजा फिर्ता पठाइनेछ ।

'हामी जोर्डन आइपुगेका छौं, बाटोमा संलग्न सबैले गरेको प्रयास र हेरचाहको लागि हामी आभारी छौं। यात्रा आरामदायी रह्यो र हामी सुरक्षित रूपमा आइपुग्यौं। हामी जोर्डनमा उपचार पूरा गर्ने आशा गर्छौं,' एक बिरामीको परिवारका सदस्यले भने । 'मेरो छोरा विस्फोटक गोली लागेर घाइते भएको थियो । जसको १० सेन्टिमिटरको हड्डी भाँचिएको थियो । उसको उपचार जोर्डनमा वा जर्मनीमा गरिनेबारे थाहा छैन्' अर्का बिरामी परिवारले सीसीटीभीसँग भने ।

यस वर्षको फेब्रुअरीमा गाजाबाट दुई हजार गम्भीर घाइते वा बिरामीहरूलाई उपचार गर्ने पहल जोर्डनले अगाडि बढाएको थियो । मार्चदेखि यता २४६ जनालाई उपचार गरिएको जनाइएको छ । यद्यपि, प्राविधिक र बन्दोबस्तीका चुनौतीहरूका साथै इजरायलले लगाएको प्रतिबन्धात्मक उपायहरूका कारण, प्रक्रियालाई अगाडि बढाउन केही अवरोधहरू आएको जनाइएको छ । विशेष गरी, इजरायलले गरेको निरन्तर सैन्य कारबाहीले गर्दा यातायातको असुविधा र एकै ठाउँमा भेला गराउन समस्या भइरहेको जनाइएको छ ।

# प्रमुख गार्मेन्ट उत्पादक बङ्गलादेशको आँखा अमेरिकी व्यापार सम्झौतामा

ढाका (एजेन्सी)- विश्वको दोस्रो ठूलो गार्मेन्ट उत्पादक बङ्गलादेशले आगामी हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कठोर भन्सार शुल्कहरू लागु हुनुअघि अमेरिकासँग व्यापार सम्झौता गर्ने लक्ष्य राखेको देशको शीर्ष वाणिज्य अधिकारीले बताएका छन् । व्यापार घाटा कम गर्न ढाकाले बोइङ विमानहरू खरिद गर्न र अमेरिकी गहुँ, कपास र तेलको आयात बढाउन प्रस्ताव गरिरहेको छ । व्यापार घाटालाई ट्रम्पले आफ्नो 'मुक्ति दिवस' घोषणामा पीडादायी कर लगाउने कारणका रूपमा प्रयोग गरेका थिए । "हामीले पारस्परिक व्यापार सम्झौताको मस्यौदालाई अन्तिम रूप दिएका छौं", सरकार 'जित-जितको सम्झौतामा पुग्न आशावादी' भएको उल्लेख गर्दै महबुबुर रहमानले बुधबार भने ।

हमानले जुलाई ८ का लागि दुवै देशका अधिकारीहरूबीचको बैठक तय भएको बताए । अमेरिकाले बङ्गलादेशको रेडिमेड गार्मेन्ट निर्यातको २० प्रतिशत हिस्सा ओगटेको छ । कपडा र गार्मेन्ट उत्पादनले बङ्गलादेशमा निर्यातको लगभग ८० प्रतिशत ओगट्छ र गत वर्ष सरकारलाई ढालेको विद्यार्थी नेतृत्वको क्रान्तिमा नराम्ररी प्रभावित भएपछि उद्योग पुनर्निर्माण गरिरहेको छ । ट्रम्पले आफ्नो अप्रिल २ को घोषणामा बङ्गलादेशलाई ३७ प्रतिशत करका साथ प्रहार गर्नुभयो । यो कपास उत्पादनहरूमा पहिले नै राखिएको १६ प्रतिशतभन्दा दोब्बर हो । उनले अन्य विश्वव्यापी व्यापारिक साझेदारहरूसँग गरेजस्तै जुलाई ९ सम्म भन्सार शुल्कहरूको परिचय निलम्बन गरे । यद्यपि आधारभूत १० प्रतिशत भन्सार शुल्क यथावत राखिएको छ । बङ्गलादेश बैंक र राष्ट्रिय राजस्व बोर्डका अनुसार सन् २०२४ मा बङ्गलादेशले अमेरिकामा आठ अर्ब ३६ करोड डलर मूल्यका सामान निर्यात गरेको थियो भने त्यहाँबाट दुई अर्ब २१ करोड डलरको आयात भएको थियो ।

- विमान, तेल, कपास -

"व्यापार अन्तर कम गर्ने पहलको एक हिस्साका रूपमा, सरकारले पहिले नै ठूलो मात्रामा गहुँ आयात गर्ने, अमेरिकी निर्माता बोइङबाट १४ वटा विमान खरिद गर्ने, कपास र अमेरिकी फार्महरूबाट थप तेल र ग्यास खरिद गर्ने निर्णय गरिसकेको छ", रहमानले भने । उनले प्रस्तावित सम्झौताको सही समय वा विस्तारको बारेमा थप विवरण दिनुभएन, तर सम्झौतामा पुग्न सरकारले लगभग २८ वटा बैठक र कागजात आदानप्रदान गरेको बताए । अन्तरिम नेता मुहम्मद युनुसले सोमबार अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग कुरा गरे र ढाकाले 'राष्ट्रपति ट्रम्पको व्यापार एजेन्डालाई प्रभावकारी रूपमा प्रतिक्रिया दिन उपायहरूको प्याकेजलाई अन्तिम रूप दिन तपाईंका अधिकारीहरूसँग काम गरिरहेको' बताए ।

गार्मेन्ट निर्माताहरूको राष्ट्रिय मञ्च बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का अध्यक्ष महमुद हसन खानले कुनै पनि सम्झौताका बारेमा चिन्ता व्यक्त गरे । "पहिले नै लागु गरिएको अतिरिक्त १० प्रतिशत भन्सार शुल्कले हाम्रा निर्यातकहरूलाई असर गरिरहेको छ र यदि यो अगाडि बढ्यो भने हामीले अमेरिकी क्रेताहरू गुमाउन सक्छौं", उनले चेतावनी दिए । तर बङ्गलादेश निटवेयर म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिकेएमइए) का अध्यक्ष मोहम्मद हातेमले आफू आशावादी रहेको बताए । "हामी जुलाई ९ अघि अमेरिकी भन्सार शुल्कमा सकारात्मक परिणामको आशा गर्दछौं", उनले भने, "अमेरिकी प्रशासनले भन्सार शुल्क संशोधन नगरे अस्थायी समस्या हुनेछ । तर यसले धेरै हदसम्म र अन्ततः अमेरिकी क्रेताहरूलाई असर गर्नेछ, किनकि उनीहरूले उच्च मूल्यमा सामानहरू किन्नुपर्ने हुन्छ ।"

# 'विश्वकै पहिलो' गहिरो समुद्रबाट खनिज निकाल्ने जापानको योजना

टोकियो (एजेन्सी)- जापानले जनवरीदेखि समुद्रको फेदबाट दुर्लभ खनिजहरू निकाल्न प्रयास गर्ने सरकारी नवप्रवर्तन कार्यक्रमका निर्देशकले बिहीबार बताएका छन् । उनका अनुसार यो यस्तो प्रकारको सबैभन्दा गहिरो परीक्षण हुनेछ । नयाँ प्रविधिहरूका लागि महत्त्वपूर्ण स्रोतहरूमा चीनको प्रभुत्वमा चिन्ता बढ्दै गएकाले यस हप्ताको सुरुमा जापानले महत्त्वपूर्ण खनिजहरूको स्थिर आपूर्ति सुनिश्चित गर्न संयुक्त राज्य अमेरिका, भारत र अस्ट्रेलियासँग काम गर्ने वाचा गरेको थियो । दुर्लभ मृत्तिका खनिजहरू - पृथ्वीको क्रस्टबाट निकाल्न कठिन १७ वटा धातुहरू- विद्युतीय सवारी साधनदेखि हार्ड ड्राइभ, विन्ड टर्बाइन र मिसाइलसम्म सबै कुरामा प्रयोग हुन्छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइएइए) का अनुसार चीनले दुर्लभ मृत्तिका खनन उत्पादनको लगभग दुई तिहाइ र विश्वव्यापी परिष्कृत उत्पादनको ९२ प्रतिशत हिस्सा ओगटेको छ । जापानको क्रस-मिनिस्टेरियल स्ट्रेटेजिक इनोभेसन प्रोमोसन प्रोग्रामका निर्देशक शोइची इशीले चिक्यु नामक जापानी गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुङ्गाले जनवरीदेखि दुर्लभ मृत्तिका तत्वहरू भएको समुद्री सतहको तलछट पुनः प्राप्त गर्न 'परीक्षण यात्रा' सञ्चालन गर्ने बताए । "पानीको पाँच हजार पाँच सय मिटर (तीन दशमलव चार माइल) गहिराइबाट तलछट निकाल्ने परीक्षण संसारमा पहिलो हो", उनले भने, "हाम्रो लक्ष्य... यो यात्राको सबै खनन उपकरणहरूको कार्य परीक्षण गर्नु हो, त्यसैले निकालिएको तलछटको मात्राले कुनै फरक पार्दैन ।"

चिक्युले प्रशान्त महासागरको दुर्गम टापु मिनामी तोरिशिमाको वरिपरि जापानी आर्थिक पानीमा ड्रिल गर्नेछ । मिनामी तोरिशिमा जापानको सबैभन्दा पूर्वी विन्दु जसलाई सैन्य आधारको रूपमा पनि प्रयोग गरिन्छ । जापानको निक्केई बिजनेस डेलीका अनुसार मिसनले करिब तीन हप्तामा समुद्री सतहबाट ३५ टन माटो निकाल्ने लक्ष्य राखेको छ । प्रत्येक टनमा लगभग दुई किलोग्राम (चार दशमलव चार पाउन्ड) दुर्लभ मृत्तिका खनिजहरू हुने अपेक्षा गरिएको छ । यी खनिज प्रायः आधुनिक इलेक्ट्रोनिक्समा आवश्यक चुम्बक बनाउन प्रयोग गरिन्छ ।

# मलेसियालाई नौ विकेटले हराउँदै नेपाल यु-१६ इस्ट जोन कपको फाइनलमा



काठमाडौं (जस)- मलेसियालाई नौ विकेटले हराउँदै नेपाल यु-१६ इस्ट जोन कपको फाइनलमा प्रवेश गरेको छ । मलेसियाले दिएको ९१ रनको लक्ष्य पछ्याएको नेपालले ११.४ ओभरमा १ विकेट गुमाउँदै ९२ रनसहित पूरा गरेको हो । जितसँगै डिफेन्डिङ च्याम्पियन (साविक विजेता) नेपाल फाइनल प्रवेश गरेको हो । नेपालका लागि परिमार्जन यादवले सर्वाधिक ५९ रनको अर्धशतकीय पारीसँगै अविजित रहे । उनले ३५ बलमा समान ५ चौका र ५ छक्का प्रहार गरे । अर्का ओपनर प्रसिद्ध जैशी २ रनमै क्याच आउट भए ।

तेस्रो क्रमका ब्याटर श्रीवान्श बजगाई २३ रनमा अविजित रहे । मलेसियाका लागि १ मात्र विकेट नागिनेश्वरन साथ्नाकुमारनले लिए । त्यसअघि, क्वालालाम्पुरस्थित सेलाङगोर ट्रफमा टस हारेर ब्याटिङको निम्तो पाएको घरेलु टिम मलेसिया ४३.१ ओभरमा ९१ रन बनाउँदै अलआउट भएको थियो । मलेसियाका लागि मोहम्मद फाथुलले सर्वाधिक ३८ रन बनाए । उनले ७१ बलमा ६ चौका र १ छक्का प्रहार गरे । उनलाई नेपालका कप्तान विपिन शर्माले ४३.१ ओभरमा प्रसिद्ध जैसीको हातमा क्याच गराउँदै मलेसियाको अन्तिम विकेट लिएका थिए ।

मलेसियाका कप्तान दिएज पात्रोले १० रन बनाउँदा अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्कको रन बनाउन सकेनन् । नेपालका लागि बलिङतर्फ अभय यादवले सर्वाधिक ४ विकेट लिए । यस्तै शुभम खनालले ३ विकेट लिँदा सचिन भट्ट र कप्तान विपिन प्रसाद शर्माले समान १-१ विकेट लिए । नेपालले दोस्रो सेमिफाइनलको विजेता टोलीसँग फाइनल खेल्नेछ। दोस्रो सेमिफाइनल समूह 'ए'को उपविजेता सिंगापुर र समूह 'बी'को विजेता हङकङबीच हुनेछ । प्रतियोगिताको फाइनल जुलाई ५ मा हुनेछ ।

# पोर्चुगलका स्टार फुटबलर डियोगो जोटाको कार दुर्घटनामा मृत्यु



काठमाडौं (एजेन्सी)- पोर्चुगलका स्टार फुटबलर डियोगो जोटाको कार दुर्घटनामा मृत्यु भएको छ । स्पेनी समाचार एजेन्सी इएफएका अनुसार २८ वर्षीय जोटाको उत्तरपश्चिमी स्पेनको जामोरा नजिकै भएको दुर्घटनामा मृत्यु भएको हो । रिपोर्टका अनुसार दुर्घटनामा उनका भाइ आन्द्रेको मृत्यु भएको छ । स्थानीय समय अनुसार बिहान १२: ४० बजे भएको थियो, जब उनीहरु चढेको कार सडकमा दुर्घटनाग्रस्त भयो र आगो लाग्यो । जोटाले विवाह गरेको १० दिनपछि मात्र दुर्घटनामा मृत्यु भएको छ ।

उनी व्यावसायिक रुपमा लिभरपुलबाटखेलिरहेका थिए । जोटाले सेप्टेम्बर २०२० मा वोल्भरहृयाम्प्टन वान्डरर्सबाट लिभरपुलमा आवद्ध भएका थिए । उनले लिभरपुलका लागि १८२ खेलमा ६५ गोल गरेका थिए । उनका भाइ, २६ वर्षीय आन्द्रे पनि फुटबलर नै थिए । उनले पोर्चुगिज दोस्रो डिभिजन क्लब पेनाफिलबाट खेलिरहेका थिए । पोर्चुगलको फुटबल फेडेरेसनले डियोगो जोटा र उनका भाइ आन्द्रे सिल्भाको मृत्युले पोर्चुगिज फुटबल महासंघ र सम्पूर्ण पोर्चुगिज फुटबल पूर्ण रूपमा स्तब्ध भएको जनाएको छ। राष्ट्रिय टिमका ४९ खेल खेलेका, उत्कृष्ट खेलाडी भन्दा धेरै, डियोगो जोटा एक असाधारण व्यक्ति भएको र सबै सहकर्मी र विपक्षीहरूले सम्मान गर्ने व्यक्ति भएको फेडेरेसनले उल्लेख गरेको छ ।

फेडेरेसनले भनेको छ- पोर्चुगिज फुटबल महासंघ डियोगो र आन्द्रे सिल्भाको परिवार र साथीभाइहरू, साथै खेलाडीहरूले खेलेका क्लब लिभरपुल एफसी र एफसी पेनाफिलप्रति गहिरो समवेदना व्यक्त गर्दछ । हामीले दुई च्याम्पियन गुमायौं । डियोगो र आन्द्रे सिल्भाको निधनले पोर्चुगिज फुटबलको लागि अपूरणीय क्षति पुगेको छ र उनीहरूको विरासतलाई दैनिक सम्मान गर्नेछौं ।

२८ वर्षीय जोटाको उत्तरपश्चिमी स्पेनको जामोरा नजिकै भएको दुर्घटनामा मृत्यु भएको हो । रिपोर्टका अनुसार दुर्घटनामा उनका भाइ आन्द्रेको पनि मृत्यु भएको छ । स्थानीय समय अनुसार बिहान १२: ४० बजे भएको थियो, जब उनीहरु चढेको कार सडकमा दुर्घटनाग्रस्त भयो र आगो लाग्यो । जोटाले १० दिन अघि मात्र विवाह गरेका थिए ।

उनी व्यावसायिक रुपमा लिभरपुलबाट खेलिरहेका थिए । जोटाले सेप्टेम्बर २०२० मा वोल्भरहृयाम्प्टन वान्डरर्सबाट लिभरपुलमा आवद्ध भएका थिए । उनले लिभरपुलका लागि १८२ खेलमा ६५ गोल गरेका थिए । त्यस्तै उनले पोर्चुगलको राष्ट्रिय टिमबाट ४९ खेल खेल्दै १४ गोल गरेका थिए । उनका भाइ, २६ वर्षीय आन्द्रे पनि फुटबलर नै थिए ।

# विद्यालयहरूमा खेलकुद कार्यक्रम प्रवर्द्धन तथा अभिवृद्धि गर्न सम्झौता



काठमाडौं (जस)- निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) र नेपाल विद्यालय खेलकुद महासंघबीच विद्यालयहरूमा खेलकुद कार्यक्रमहरूको प्रवर्द्धन तथा अभिवृद्धिमा सहकार्य गर्ने उद्देश्यले सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

विहीबार प्याब्सन केन्द्रीय कार्यालय, काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै विकासमा खेलकुदको महत्व र देशभरका निजी विद्यालयहरूमा खेलकुद कार्यक्रमहरूको प्रवर्द्धन तथा अभिवृद्धिका लागि सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सोही क्रममा प्याब्सनका अध्यक्ष कृष्ण अधिकारीले प्याब्सनको उद्देश्य भनेको देशमा असल शिक्षा दिने र असल नागरिक बनाउने भन्दै यस्तो सम्झौताको लामो यात्राको लागि हुनुपर्ने बताए । नेपाल विद्यालय खेलकुद महासंघका अध्यक्ष विनोद श्रेष्ठले देश विकास र समृद्धिका लागि खेल क्षेत्र एकदमै महत्वपूर्ण भएको भन्दै यसलाई विकास गर्न सम्झौता मार्फत अगाडि बढ्ने जनाए ।

अध्यक्ष श्रेष्ठले भने, 'मनोरञ्जन र ज्यान बनाउनका लागि खेल खेल्नेभन्दा पनि यसलाई नयाँ तरिकाबाट लाने हाम्रो योजना हो । देश विकास र समृद्धिका लागि खेल क्षेत्र एकदमै महत्वपूर्ण हुन्छ र यसलाई विकास गर्न सकिन्छ भनेर सम्झौता भएको हो । प्याब्सनले देशको शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका खेलिरहेकाले यसकै माध्यमबाट खेलकुद क्षेत्रलाई पनि नयाँ तरिकाबाट लान सकिन्छ भन्ने विश्वास हो ।' खेललाई उद्यमशिलतासँग जोडेर लान सकिन्छ भन्ने विश्वासका साथ खेललाई आधारभूत तहसम्म लान साझेदारी भएको पनि उनको भनाइ छ ।

# प्रधानमन्त्री ओलीबाट रियल मेड्रिडको रङ्गशाला अवलोकन



काठमाडौं (जस)- प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनको मेड्रिडस्थित विश्व प्रसिद्ध फुटबल क्लब रियल मेड्रिडको सान्टियागो बर्नाबाउ रङ्गशालाको बिहीबार अवलोकन भ्रमण गरेका छन् । प्रधानमन्त्री ओलीलाई क्लबका अन्तर्राष्ट्रिय निर्देशक पेद्रो मार्टिन दे मिगेलले स्वागतससिहत अत्याधुनिक रङ्गशालाको भ्रमण गराएका हुन् । उनले आफू रियल मेड्रिडको फ्यान रहेको उल्लेख गर्दै सुविधासम्पन्न रङ्गशाला देखेर खुशी लागेको प्रतिक्रिया दिए ।

प्रधानमन्त्री ओलीलाई अन्तर्राष्ट्रिय निर्देशक मिगेलले क्लबको जर्सी उपहार दिएका थिए । निर्देशक मिगेलले क्लबको तालिम र भर्नामा सहभागी हुन नेपाली विद्यार्थीलाई प्रोत्साहन गरे । स्पेनको सेभियामा संयुक्त राष्ट्रसंघको विकासका लागि वित्त सम्मेलनका कार्यक्रम सकिएपछि हाल मेड्रिडमा रहेका प्रधानमन्त्री ओली मेड्रिडमा विभिन्न कार्यक्रममा सहभागी भएका हुन् । रङ्गशाला अवलोकनका क्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, खानेपानी मन्त्री प्रदीप यादव, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, स्पेनका लागि नेपाली राजदूत शनिल नेपाललगायत सहभागी थिए ।

# महेश्वर दाहालको गीत 'सलाम इच्छुक' को छायाङ्कन



काठमाडौं (जस)- जनयुद्धमा राज्यद्वारा हत्या गरिएका प्रगतिशील पत्रकार तथा साहित्यकार कृष्ण सेन 'इच्छुक'को सम्झनामा समर्पित नयाँ गीत 'सलाम इच्छुक' को छायाङ्कन भएको छ । गीतमा कृष्ण सेनका सहयोद्धा एवम् जनपक्षीय पत्रकार महेश्वर दाहालको शब्द, केशर कालिकोटेको संगीत र रमण थामीको स्वर रहेको छ । सामाजिक न्याय, क्रान्तिकारी विचार र मुक्तिको सपना बोकेको इच्छुकको योगदानलाई स्मरण गर्दै यो गीत तयार पारिएको जनाइएको छ ।

गीतकार महेश्वर दाहालले भने, "यो गीत इच्छुकजस्ता अग्रगामी युगदृष्टा पत्रकारप्रतिको श्रद्धा हो । इच्छुकको प्रेरणालाई गीतमार्फत जीवित राख्ने प्रयास गरेका हौं ।" संगीतकार केशर कालिकोटेले इच्छुकको जीवनबाट प्रभावित भएर सशक्त धुन तयार गरिएको बताए । "यो गीत कुनै साधारण श्रद्धाञ्जली होइन, यो एउटा क्रान्तिकारी चेतनाको प्रतिध्वनि हो," उनले भने । स्वरकार रमण थामीले गीत गाउँदा आफू भावुक भएको बताए । "इच्छुकको योगदानको स्मरण गर्नु भावनात्मक मात्रै होइन, वैचारिक उत्तराधिकारको सम्मान पनि हो," थामीले भने ।

कृष्ण सेन इच्छुक तत्कालीन जनयुद्धकालमा, २०५९ साल जेठ १३ गते राज्यका सुरक्षाकर्मीहरूले उनलाई पक्राउ गरी यातना दिएर हत्या गरेका थिए । उनको हत्या पछिको समाचारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा ठूलो चर्चा पाएको थियो । गीत 'सलाम इच्छुक'लाई केही दिनभित्रै भिडियोसहित युट्युब र सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिने तयारी भइरहेको छ । जनयुद्धकालका साहित्य संगीतका अगुवा तथा नेता मणि थापाका अनुसार क्रान्तिकारी कवि, पत्रकारिताका प्रतीकका रूपमा रहेका इच्छुकको नाममा सिर्जित यो गीत नयाँ पुस्तालाई विचार र बलिदानको मूल्य सम्झाउने माध्यम बन्ने विश्वास गरिएको छ। सेनसँगै लामो समय संगत गरेका साहित्यकार ईश्वरचन्द्र ज्ञवालीले यसले गीत संगीतमा इतिहासको मूल्यांकनमा नयाँ मानक स्थापित गर्न मद्दत गर्ने बताए ।

# दीपिका पादुकोण हलिउडको प्रतिष्ठित 'वाक अफ फेम' सूचीमा




काठमाडौं (एजेन्सी)- बलिउड सुपरस्टार दीपिका पादुकोणलाई हलिउडको प्रतिष्ठित 'वाक अफ फेम' सूचीमा समावेश गरिएको छ । दीपिका यो सम्मान पाउने अहिलेसम्मकी पहिलो भारतीय अभिनेत्री बनेकी छन् । २०२६ को लागि घोषणा गरिएको 'हलिउड वाक अफ फेम' को सूचीमा, दीपिका फिल्मको श्रेणीमा छनोट भएका ३५ दिग्गजहरूमा परेकी हुन् । यस प्रतिष्ठित सूचीमा दिपीकासँगै हलिउड सुपरस्टार एमिली ब्लन्ट, टिमोथी चालमेट, क्रिस कोलम्बस, मारियन कोटिलार्ड, किथ डेभिड, रामी मलेक, राहेल म्याकएडम्स, डेमी मूर, फ्रान्को नेरो, मल्ली रिंगवाल्ड स्टेनली टुची, कार्लो रम्बोल्डी र टोनी स्कट रहेका छन् ।

दीपिका पादुकोणले आलिया भट्ट, रश्मिका मन्दाना र कियारा आडवाणी जस्ता नयाँ पुस्ताका अभिनेत्रीहरूलाई मात्र पछाडि पारेकी छैनन्, तर प्रियंका चोपडा जस्ता विश्वव्यापी रूपमा स्थापित स्टारहरूलाई पछि पारेकी छन् । दीपिकाले आफूलाई बलिउडमा मात्र सीमित राखिनन्। उनले 'ट्रिपल एक्सः रिटर्न अफ जेन्डर केज' जस्तो फिल्मबाट हलिउडमा प्रवेश गरिन् र त्यहाँ पनि आफ्नो अभिनय क्षमता प्रमाणित गरिन्। अब वाक अफ फेमको हिस्सा बनेर उनले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो उपस्थितिलाई अझ बलियो बनाएकी छिन् ।

२०१८ मा, टाइम पत्रिकाले दीपिकालाई विश्वका १०० प्रभावशाली व्यक्तित्वहरूमा समावेश गरेको थियो । यसपछि, उनले टाइम १०० इम्प्याक्ट अवार्ड र फिफा विश्वकप २०२२ को फाइनलमा ट्रफी अनावरण गर्ने अवसर प्राप्त गरेकी थिइन् । दीपिकालाई अन्तर्राष्ट्रिय फेसन ब्रान्डहरूले पनि प्रशंसा गरेका छन् । उनी लुइस भिटन र कार्टियर जस्ता लक्जरी ब्रान्डहरूको अनुहार बनेकी छिन् । दीपिकासँग हाल एटलीद्वारा निर्देशित फिल्म सहित धेरै ठूला बलिउड परियोजनाहरू छन् । यस बाहेक, उनी आफ्नो निर्माण कम्पनी मार्फत नयाँ परियोजनाहरूमा पनि काम गरिरहेको बताइएको छ ।

# माओत्से गुरुङको 'पेन्सनपट्टा'मा दयाहाङ राई अनुबन्धित



काठमाडौं (जस)- कलाकार माओत्से गुरुङको निर्देशनमा निर्माण हुने दोस्रो सिनेमा 'पेन्सनपट्टा'मा अभिनेता दयाहाङ राई अनुबन्धित भएका छन् । यो उनीहरुको दोस्रो सहकार्य हो । यसअघि कलाकार माओत्से गुरुङको डेव्यु निर्देशकिय सिनेमा 'दयारानी'मा दयाहाङ नै मुख्य भूमिकामा थिए ।

दोस्रो सहकार्यलाई अझै परिस्कृत ढंगले अगाडी बढाउनुका साथै अर्को एउटा उत्कृष्ट सिनेमा दर्शकलाई पस्किने प्रयास रहने निर्देशक गुरुङ बताउँछन् । कार्तिक तेस्रो साताबाट फ्लोरमा जाने सिनेमाको शिर्षकबाट भूतपूर्व लाहुरेको कथा जस्तो लाग्ने भएपनि सिनेमाले लोभी केटा कसरी दानी बन्छ भन्ने कथा भन्ने निर्देशक तथा निर्माता गुरुङले बताए । माओत्से गुरुङ फिल्मस्को ब्यानरमा निर्माण हुने सिनेमाको कथा पनि निर्देशक गुरुङले नै लेखेका हुन् । दयाहाङ बाहेक सिनेमामा अन्य कलाकार कोको रहने भन्ने चाँडै सार्वजनिक गरिने प्रोडक्सन म्यानेजर डिबी गुरुङले बताए । सिनेमाको सम्पुर्ण छायांकन कास्की जिल्लाको पोखरा आसपासमा गरिने निर्माण टिमले जनाएको छ ।

सुशन प्रजापनिले खिच्ने सिनेमाको कास्टिङ डिरेक्टर सुरज तमु हुन् । निर्देशक माओत्से गुरुङको निर्देशनमा निर्माण भएको पहिलो सिनेमा बक्सअफिसमा हिट भएको थियो । चरित्र अभिनेतामा पहिलो रोजाइका कलाकारसमेत रहेका उनी पछिल्लो समय लेखन तथा निर्देशनमा पनि होमिएका छन् । उनले यसअघि गुरुङ भाषाका सिनेमा निर्देशन गर्दै आएका थिए । माओत्से कलाकार तथा निर्देशकसँगै निर्माता पनि हुन् ।

# नेपालमा लगानी र आर्थिक सहकार्य बढाउन स्पेनीस व्यवसायीहरुलाई महासंघ अध्यक्ष ढकालको आग्रह



काठमाडौं(जस)-नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले नेपाल र स्पेनबीचको आर्थिक सम्बन्ध थप बलियो बनाउने र लगानी सहकार्यलाई थप विस्तार गर्न स्पेनिस व्यवसायीहरुलाई आग्रह गरेका छन् । बुधबार स्पेनको म्याड्रिडस्थित नेपाली दूतावासले आयोजना गरेको विशेष कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालमा लगानीका थुप्रै सम्भावना रहेको भन्दै स्पेनी व्यवसायीहरूलाई लगानीका लागि आग्रह गरेका हुन् । स्पेन वाणिज्य तथा उद्योग महासंघका सदस्यहरू, व्यापारीक समुदायका अगुवाहरू, नेपाली समुदायका प्रतिनिधिहरू र कूटनीतिक व्यक्तित्वहरू सहभागी कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले पर्यटन, ऊर्जा, कृषि, सूचना प्रविधि र पूर्वाधार क्षेत्रमा दुई देशबीच सहकार्यको बलियो सम्भावना रहेको धारणा राखे ।

नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा पर्यटन उद्योग रहेको चर्चा गर्दै अध्यक्ष ढकालले सगरमाथादेखि लिएर भगवान बुद्धको जन्मस्थल लुम्बिनीसम्मका स्थलहरूको विशेष धार्मिक, सांस्कृतिक र प्राकृतिक आकर्षण रहेको बताए । उनले गुणस्तरीय सेवा र पूर्वाधारमा लगानी गर्न सके नेपालले विश्वभरका पर्यटकहरूलाई थप आकर्षित गर्न सक्ने विश्वास व्यक्त गरे । साथै उनले नेपालमा लगानीमैत्री वातावरण निर्माण भएको, सरकारले लगानी र कम्पनी दर्तासम्बन्धी प्रक्रिया सहज बनाउन 'वान-स्टप सर्भिस सेन्टर' स्थापना गरिसकेको, राष्ट्रिय बजेटले ऊर्जा, कृषि, सूचना प्रविधि, निर्माण र डिजिटल नवप्रवर्तनजस्ता क्षेत्रलाई प्राथमिकतामा राख्दै कर छुट र व्यापार नियमहरू सजिलो बनाएको उल्लेख गरे ।

"नेपालमा व्यवसाय गर्न सजिलो, छिटो र पारदर्शी बनाउने हाम्रो उद्देश्य हो । लगानीको लागि नीतिगत सुधारहरूका लागि महासंघले सरकारसंग निरन्तर पहल गर्‍यो । उनले भने,' फलस्वरुप लगानीमैत्री वातावरण बनाउन ३० भन्दा बढी व्यापारसम्बन्धी कानूनहरू संशोधन भएका छन् । जसले नेपालमा लगानीको लागी सहज वातावरण बनेको छ ।" नेपालसंग स्वच्छ ऊर्जामा विशाल सम्भावना रहेको, ४० हजार मेगावाटभन्दा बढी जलविद्युत् क्षमताको उपयोग हुन बाँकी रहेको र क्षेत्रीय विद्युत् व्यापार बढाउँदै नयाँ प्रसारण पूर्वाधार निर्माण भइरहेकाले स्पेनी कम्पनीहरूका लागि यो उपयुक्त समय भएको उनले बताए ।

स्पेन विश्वकै सफल पर्यटन उद्योगमध्ये एक भएको नेपाली व्यवसायीहरु पनि त्यो अनुभव र प्रविधिबाट सिक्न उत्सुक रहको चर्चा गर्दै स्पेनी व्यवसायिक समुदायलाई नेपाल भ्रमणका लागि लागि आमन्त्रण गरे । यस्तै उनले सम्बन्धित क्षेत्रहरू पहिचान गर्न, स्थानिय साझेदारहरू भेट्न र प्रक्रिया बुझ्न महासंघले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । लगानीकर्ताहरू स्थिरता, स्पष्ट प्रक्रिया र भरपर्दो प्रणाली खोज्ने उल्लेख गर्दै अध्यक्ष ढकालले नेपाल पछिल्लो समय पूर्वाधार विकास , डिजिटल प्रणाली, भन्सार र वित्तीय पहुँच सुधारमा केन्द्रित भएको बताए । स्पेनस्थित नेपाली डायस्पोराको भूमिकाबारे चर्चा गर्दै उहाँले नेपाली उत्पादनको प्रवर्द्धन, लगानी आकर्षण र पर्यटन विकासमा नेपालका आर्थिक दूतको रूपमा कार्य गर्न आग्रह गरे ।

# नेपालका बैंकहरुको शाखा विदेशमा खोल्न सभापति चालिसेको आग्रह



काठमाडौं(जस)-अर्थ समितिका सभापति सन्तोष चालिसेले विदेशमा नेपालका बैंकहरुको शाखा खोल्नुपर्ने बताएका छन् । बिहीबार बसेको अर्थ समितिको बैठकमा बोल्दै उनले ठुलो जनसंख्या बाहिर जादाँ बाहिर पनि नेपाली बैंकका शाखा खोल्नुपर्ने बताएका हुन् । उनले बैंकको व्यवस्थापन लगानिकर्ताले नभई विज्ञले चलाउनुपर्ने बताए । उनले भने, 'बैंकको व्यवस्थापन विज्ञले चलाउनुपर्छ । अहिले धेरै बैंकमा मालिक नै चेयर म्यान भएर बसेका छन् । यो विज्ञले चलाउनुपर्छ आफै किन बस्नुपर्यो । बैंकहरुलाई बाहिर मुलुकमा किन नलाने ? यति ठुलो जनसंख्या बाहिर छन् भने शाखाहरु किन नखोल्ने त त्यसको बाधाहरु के हुन् ?'

उनले नेपालका एटिएम भारतमा चल्ने तर भारत नचल्दा भारतका मानिसले नेपालमा चाहे जति खर्च गर्न नसक्ने पनि बताए । 'हाम्रो एटिएम भारतमा चल्छ यहाँबाट हस्पिटल जानेहरुले चलाइरहनुभएको छ । भारतका मानिसहरुको यहाँ चलाए त पैसा बोकेर ल्याउन परेन उ सँग जति क्यापिटल छ उसले त्यति खर्च गर्छ,' उनले भने । यस्तै बैठकमा सांसद विनोद चौधरीले बैंकका व्यवस्थापक, बोर्डहरु राम्रो काम गरे लगानीकर्ता उत्साहि हुने र बाफियाले नेपालको बैंकिङ क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउने बताए ।

उनले भने, 'बैंक चलाउनुपर्ने काम बैंकर कै हो । विज्ञ कै हो । बैंकको बोर्डमा विज्ञहरु नै हुनुपर्छ । बैंकको व्यवस्थापन, बोर्डहरुले राम्रो काम गर्यो भने लगानीकर्ताको लगानी स्वत जोगिन्छ । आउने बाफियाले नेपालको बैंकिङ क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउँछ ।' उनले नेपालले बाहिर बैंकका शाखा खोली लगानी गर्ने सोच बनाएर नेपालीको पूँजी समेट्ने पनि बताए । बैठकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्ने संशोधन प्रस्तावकर्ता सदस्यहरूसँग छलफल गरिएको थियो ।

# उद्योग समितिद्वारा नेपाल औषधि लिमिटेडको अनुगमन

काठमाडौं(जस)-उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले नेपाल औषधि लिमिटेडको अनुगमन गरेको छ । बिहीबार प्रतिनिधिसभा अन्तर्गतको उद्योग समितिका सभापति अब्दुल खान तथा समिति सदस्यहरुको टोलीले अनुगमन गरेको हो । अनुगमनपछि सभापति खानले सरकारको स्वामित्व भएको संस्थाले ११ वटा मात्र औषधि मात्र बनाउनु दुखद् कुरा भएको बताए ।

औषधि नपाएर व्यापक आन्दोलनसमते गरेको अवस्थामा सो संस्थाले प्रोडक्सन गरेको औषधिहरु नेपाल सरकारले स्वयंम यसको विषयमा चासो र चिन्ता नलिएर आफैं सरकारी संस्थाहरुमा खरिद् नगर्नु दुखद् कुरा भएको उनको भनाई छ । उनले भने,'अहिले आएर हाम्रो सरकारको संस्थाले ११ वटा मात्र औषधि मात्र बनाउनु ,तयार गर्नु एउटा दुखद् कुरा हो ।

हामीले २० वटा औषधि बनाउने तरखरमा छौं । आउने वर्षमा २० वटा बनाउँछौं । हाम्रो जनशक्ति पर्याप्त छ । सबै भौतिक संरचनाहरु पूर्ण छ । तथापी भाडाको पैसा उठाएर कर्मचारी साथिहरुले पैसा खानुपर्ने अवस्था छ । औषधि नपाएर व्यापक आन्दोलनसमत गरेको अवस्था हामीले देखेको छौं । यस्तो अवस्थामा यो संस्थाले प्रोडक्सन गरेको औषधिहरु नेपाल सरकारले स्वयंम यसको विषयमा चासो र चिन्ता नलिएर आफैं सरकारी संस्थाहरुमा खरिद् नगर्नु दुखद् कुरा हो ।'यस विषयमा औषधि संस्थाको मानिस र मन्त्रीसमेतलाई बोलाएर समितिमा छलफल गरिने समेत उनले जानकारी दिए । हरेक संस्थाबाट सरकासँग अपेक्षा राख्ने तर सरकारले त्यो पूरा नगर्ने भएपछि देश कसरी चल्छ भन्दै उनले प्रश्न गरे ।

**मानिनय न्यायाधिश गोपालप्रसाद वास्तोलाको आदेश**

लिखितम कृष्ण बहादुर दाहालको नाती, राम बहादुर दाहालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, मेथिनकोट-४ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. २ बस्ने मिति: २०५५/०३/११ (ना. प्र. नं. ३०- ७७२२५, बर्ष २५ को उत्तम कुमार दाहाल काभ्रेपलाञ्चोक) आगे मेरो नाममा भुमि सुधार तथा मालपोत कार्यालय काभ्रेपलाञ्चोमा एकलौटी दर्ता श्रेस्ता कायम रही निर्बिबाद हक भोगको अरु कसैलाई कुनै व्यहोराको लिखत गरी हक छोडी नदिएको काभ्रेपलाञ्चो जिल्ला मेथिनकोट गा.बि.स. वडा न. ३ कि.न. १३२७ को क्षे. फ८-१४-३-३ को कित्ता जग्गाहरु सम्बन्धित भुमि सुधार तथा मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई शे. ब. बाहेक विक्री वितरण, वा हालैको बकसपत्र मार्फत हक हस्तान्तरण गर्न वा कानुन बमोजिम रजिष्ट्रेशन गर्न पर्ने लिखत पारित गर्न गराउन मेरो घरायासी तथा ब्यबसायिक कार्य बेस्ताताको कारण सम्बन्धित कार्यालयमा उपस्थित हुन असमर्थ भएकोले मेरो सट्टामा ऐनले अधिकृत वारेसनामा दिन हुने मेरो चिनजानको मानिस विर बहादुर भट्टराईको नाती रामकुमार भट्टराईको छोरा रौतहट जिल्ला चन्द्रनिगाहपुर - ६ स्थाई घर भई हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. २ बस्ने बर्ष ३४ को विप्लव के. सी (ना.प्र.नं. ८३४ मिति २०६२/०७/०१ जि.प्र.का. रौतहट) लाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५३ र १५४ बमोजिम उक्त जग्गा जो कोहीलाई राजिनामा लिखत मार्फत हक हस्तान्तरण हुने गरी रजिस्ट्रेशन पारित गरी दिन पाउने गरि यो अधिकृत वारेसनामा मुकरर गरेको छु । निज अधिकृत वारेसले उक्त उल्लेखित कित्ता जग्गाको ८ सम्बन्धमा माथि उल्लेखित कार्य गरेमा मेरो पूर्ण मन्जुरी छ । पछि मेरो हकमा तपाई वा. ले माथि उल्लेखित कार्य गर्दैमा मेरो हक जाने होइन भनि कहिँ कतै उजुर बाजुर गर्ने गराउने छैन, गरे गराएमा यसै अधिकृत वारेसनामाबाट बदर गरी कानून बमोजिम होस् । मैले अदालतबाट लागेको दण्ड, जरिवाना, दशौद, आदेशले बाकी राखेको कोर्ट फि, सरकारी बिगो समेत तिर्न बुझाउन बाकी राखेको छैन । नबुझाई बाकी राखेको ठहरे यो आधिकृत वारेसनामा बदर गरी कानून बमोजिम होस् भनि मेरो मनोमान राजीखुशीले सम्मानित भक्तपुर जिल्ला अदालतको न्यायाधिस ज्युको रोहबरमा बसी सहिछाप गरी यो अधिकृत वारेसनामा प्रमाणित गराई तपाई अधिकृत वारेस विप्लव के. सीलाई दिए । साक्षि किनाराका मानिस सदर ।
ईति सम्बत् २०८० साल असार महिना २४ गते रोज १ शुभम ।।।

# किसानलाई सुन्तलाका बिरुवा : महिलाहरूलाई आयआर्जनमा सहज

रामेछाप(जस)-रामेछापको सुन्तलाको राम्रो उत्पादन हुने मन्थली नगरपालिका-१४ फुलासीका किसानलाई उन्नत जातका सुन्तलाका बिरुवा वितरण गरिएको छ । मन्थली नगरपालिका र पहाडी समाज कल्याण केन्द्र दोरम्बा रामेछापको साझेदारीमा सञ्चालित हेफर परियोजनाले किसानलाई सुन्तलाका बिरुवा वितरण गरेको हो ।

स्थानीय पशुपति महिला स्वावलम्बन समूहका महिलालाई २२ वटाका दरले सात सय बिरुवा वितरण गरिएको पहाडी समाज कल्याण केन्द्रका अध्यक्ष रत्नप्रसाद कँडेलले जानकारी दिए । महिलाहरूलाई आयआर्जनमा सहयोग पुगोस् भनेर मागको आधारमा बिरुवा वितरण गरिएको उनले बताए । सो बस्तीका किसानले व्यावसायिक रूपमा सुन्तला खेती गर्दै आएका छन् । एउटै किसानले वर्षको ६/७ लाख रुपैँयासम्मको सुन्तला बिक्री गर्दै आएका छन् ।

उन्नत जातको बिरुवाले किसानलाई नयाँ बिरुवा उत्पादन र बगैँचा विस्तारमा थप सहयोग पुग्ने विश्वास लिइएको छ । किसानलाई व्यावसायिक बन्न थप सहयोग पुगोस् भनेर बिरुवा वितरणको कार्यक्रम राखिएको वडाध्यक्ष मोतीलाल तामाङले बताए । उनले व्यावसायिक सुन्तला खेतीबाट सो पेसामा लागेकाले राम्रो आम्दानी गरेका उदाहरण दिँदै अन्य किसानलाई पनि व्यावसायिक बन्न आग्रह गरे ।

# जगदम्बा स्टिल उद्योगको भट्टी विस्फोट, एक घाइते



बारा(जस)-बारामा रहेको जगदम्बा स्टिल उद्योगको फलाम पगाल्ने भट्टी विस्फोट हुँदा एक जना घाइते भएका छन । भारतको सितामढी निवासी ३५ वर्षीय क्रेन चालक अशोक बैठा विस्फोटमा परी घाइते भएका हुन । उनको हातमा सामान्य चोटपटक लागेको छ र परवानीपुरमा रहेको एलएस न्युरो एन्ड जनरल अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय सिमराका डिएसपी वेदप्रकाश जोशीका अनुसार जितपुरसिमरा उपमहानगरपालिका-२ मा रहेको सो उद्योगको भट्टीमा बुधवार राति शक्तिशाली विस्फोट भएको हो । भट्टीमा अत्यधिक तापक्रम वृद्धि भएको वा कुनै प्रकारको रासायनिक रिसाव (लिकेज) का कारण विस्फोट भएको हुन सक्ने अनुमान गरिएको उनले जानकारी दिए । यद्यपि, विस्फोटको ठोस कारण पत्ता लगाउन थप अनुसन्धान भईरहेको उनले बताए । उद्योगमा भएको भौतिक क्षतिको विवरण सङ्कलन कार्य जारी रहेको जिल्ला प्रहरी कार्यलय बाराले जानकारी दिएको छ ।

# अरनिको राजमार्ग बिस्तार : धुलिखेल-साँगा सडक खण्डमा रोकियो काम

काभ्रेपलाञ्चोक(जस)-स्तरोन्नती भइरहेको अरनिको राजमार्गअर्न्तगत साँगा-धुलिखेल सडक खण्डको काम वर्षाका कारण रोकिएको छ । मनसुन बाहिरिएपछि पुनः काम सुचारु हुने आयोजनाले जनाएको छ । उक्त सडक खण्डको पुलबजार क्षेत्रमा भने स्थानीयको अवरोधका कारण चार महिनादेखि काम ठप्प अवस्थामा छ । उक्त क्षेत्रको करिब २ सय मिटर क्षेत्रमा विस्तारकार्य रोकिएको सडक विभागको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जनाएको छ । कार्यालयका अनुसार धुलिखेलमा एक किलोमिटर मुख्य सडक पक्की गरिएपनि मनसुनका कारण थप पक्की गर्न सकिएको छैन ।

सबै सामग्री तयारी अवस्थामा रहेपनि वर्षाका कारण धुलिखेलबाट बनेपातर्फको सडक तथा बनेपास्थित जनागाल क्षेत्रमा एक किमी सडक पक्की नगरिएको आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिए । खनालका अनुसार सडक बिस्तारसँगै बनेपा क्षेत्रमा करिब ५० वटा विजुलीका पोल हटाउनु पर्ने तथा २८ किलोमा एक घर हटाउने काम समेत रोकिएको हो । बनेपा सहरको पूर्वीतर्फ चण्डेश्वरी खोलादेखि बनेपा चारदोबाटोसम्म करिब एक किमी सडकको डल निर्माणकार्य भइरहे पनि बर्षाका कारण काम नै ठप्प अवस्थामा रहेको छ । पुलबजार क्षेत्रमा भने 'सेन्टर लाइन' को विषयलाई लिएर स्थानीयले अबरोध जनाएपछि चार महिनादेखि बिस्तारकार्यनै रोकिएको थियो । सेन्टर लाइनबाट दायाँबायाँ ७५-७५ फिट (एक सय ५० फिट)मध्ये पनि एक सय ४० फिटमा काम भइरहेकोमा स्थानीयले दुवै तर्फका घरमा बराबर छुट्याउनुपर्ने विषयमा विवाद निकालेर निर्माणकार्य अबरुद्ध पारेका हुन् ।

सडकको डिजाइन अनुसार नै सडकको बीचबाट बराबर छुट्याउने भएकाले स्थानीयले घरको दरीमा बराबर गर्नुपर्छ भन्दै विवाद सिर्जना गरेपछि निर्माण कार्य रोकिएको खनालले बताए । उनका अनुसार पटक-पटक गरिएको सरोकारवालासहित बनेपा नगरपालिकाका जनप्रतिनिधि र स्थानीयबीचको छलफलले कुनै निष्कर्ष निकाल्न सकेको छैन । स्थानीयको अवरोधसँगै मापदण्डभित्रका घर-टहरा हटाउनुपर्ने, बिजुलीको पोल बिस्तार, अप्टिकल फाइबर, हाइटेन्सनका पोल हटाउनुपर्ने काम रोकिएको जनाइएको छ । पुलबजार क्षेत्रमा अवरोधका कारण बनेपाको मुख्य सहर क्षेत्रमासमेत निर्माण कार्य रोकिँदै आएको थियो ।यसैबीच अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यबिनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक छ लेनमा बिस्तारको काम समयमै नसकिने भएको छ । आयोजनाले बाँकी करिब छ महिनाको अवधिमा बिस्तारको काम नसकिने जनाएको हो । वि.सं. २०७९ पुस २४ बाट सुरु गरिएको १६ किलोमिटर लम्बाईको यस सडक ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । उक्त सडकखण्ड सूर्यविनायकबाट साँगासम्म र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी सोहीअनुसार ठेक्का सम्झौता भई विस्तार भइरहेको थियो ।

हाल दुई खण्डको बिस्तारको काम ५० प्रतिशतको हाराहारीमा काम भएको आयोजनाले जनाएको हो । उक्त आयोजनाअन्तर्गत पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव ४ किमी सडकखण्ड बिस्तारकार्यका लागि रु चार अर्ब पाँच करोड ६४ लाखका तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक-साँगा सडकखण्ड रु तीन अर्ब ८८ करोड ९३ लाखमा सम्झौता भएको थियो । आयोजनाको सिनियर डिभिजनल इञ्जिनियर एवं सूचना अधिकारी सजना अधिकारीका अनुसार निर्धारित समयभित्र बिस्तारको काम नसकिने भएकाले समय थप्नुपर्ने देखिएको छ । उनका अनुसार मापदण्डभित्रका घर-ठहरा भत्काउन, रुख, विजुलीका पोल तथा अप्टिकल फाइबरको केबल प्रतिस्थापन गर्दा समयमा काम सुरु हुन सकको थिएन । यस्तै साँगाँ-धुलिखेल खण्डमा बनेपाको सहरी क्षेत्रमा पुललगायत व्यक्तिगत घरको विवाद तथा मापदण्डभित्रका घर भत्काउन नसक्दा ढिलाई भएको अधिकारीको भनाई छ । समयसीमासम्म करिब ६५ प्रतिशत भौतिक निर्माण हुने जनाइएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०३/२०**

**पिस फार्म हाउस एण्ड मेडिटेसन सेन्टर प्रा.लि.**को मिति **२०८०/१०/०५** गते सम्पन्न बार्षिक/ बिषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इन्नर भिलेज एक्स्प्लोरेसनस् प्रा.लि.(प्रा.लि. नं.२७८६६०)** कायम गर्ने गरी मिति **२०८०/१०/११** गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०३/२०**

**परिकमा एयरपोर्ट होटल प्रा.लि.**को मिति **२०७४/०२/१४** गते सम्पन्न बार्षिक/ बिषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेराकी बुटिक प्रा.लि.(प्रा.लि. नं.१०७६२०)** कायम गर्ने गरी मिति **२०७४/०२/३१** गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**मेराकी बुटिक प्रा.लि. का.म.न.पा-७,काठमाण्डौ बाग्मती**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना**

**तेस्रो पटक प्रकाशित मिति २०८२/०३/२०**

**आश्री एग्रो इण्डष्ट्रिज प्रा.लि.**को मिति **२०८२/०१/१९** गते सम्पन्न बार्षिक/ बिषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आश्री अटोमोटिभ्स प्रा.लि.(प्रा.लि. नं.३५२१७१)** कायम गर्ने गरी मिति **२०८१/०१/२५** गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आश्री अटोमोटिभ्स प्रा.लि. धनगढी उपमहानगरपालिका-३,कैलाली**

**कतारमा रोजगारीको अवसर** | **कम्पनी**: Ghanem Al Thani Holdings Wll **शहर** : Doha

**पूर्व स्वीकृति मिति: २०८१-०७-२३** **च.नं: ६०२२७७९६** L.T. No : 313213 **पुन:विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | स.काममा दक्ष | 2500 | ९२,३७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Security Guard | 4 | 0 | स.काममा दक्ष | 1600 | ५९,१२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 3 | Sales-Man | 2 | 0 | स.काममा दक्ष | 1300 | ४८,०३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 4 | Cashier | 4 | 0 | स.काममा दक्ष | 1500 | ५५,४२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 5 | Light Driver (GCC Return) | 6 | 0 | स.काममा दक्ष | 1700 | ६२,८१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 6 | MAINTENANCE TECHNICAL OFFICER | 2 | 0 | स.काममा दक्ष | 2200 | ८१,२९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 7 | Technician | 2 | 0 | स.काममा दक्ष | 1800 | ६६,५१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 8 | Labourer / Helpers | 6 | 0 | स.काममा दक्ष | 1000 | ३६,९५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु.२३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**धर्म ओभरसिज प्रा. लि.**

Dharma Overseas

श्रम इजाजत नं: ९५०/०६७/६८

पो.ब.नं. ८९७५, बसुन्धारा, काठमाण्डौ, नेपाल Email: dharmaoverseas@hotmail.com

Office: 5903725, Ranjit Rai: 9841714786, 9860326403

**यस फर्म/कम्पनीले चीनबाट पैठारी गरेका देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

तपसिल

| सि.न. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rangehood | 900mm | Belly | BL 9002/3/4/6/8/9 | 800/1000 Watt | China | 225 | 7726/- | 9272/- | |

बिक्रेता फर्मको नाम : **Bally International Pvt. Ltd.**
ठेगाना का.म.न.पा १४ काठमांडौ, फोन न. **9818303460**

स्थायी लेखा नं : **609549012**
EXIM CODE: 6095490120133 NP

# ग्लोबल आइएमई क्यापिटलको 'समुन्नत योजना २' निष्काशन हुँदै




काठमाडौं(जस)-ग्लोबल आइएमई क्यापिटल लिमिटेडले सामूहिक लगानी कोष 'ग्लोबल आइएमई समुन्नत योजना २' को इकाई सार्वजनिक निष्काशन असार २२ गतेदेखि गर्ने भएको छ । प्रारम्भमा १ अर्ब २० करोड रुपैयाँको कोष आकारबाट सुरु गरिने यो योजना अत्यधिक माग भएमा ग्रीनसुओ अप्सन अन्तर्गत २५ प्रतिशत वृद्धि गर्दै १ अर्ब ५० करोड रुपैयाँसम्म विस्तार गर्न सकिने व्यवस्था गरिएको छ। बन्दमुखी प्रकारको यस योजनाले इक्विटी तथा निश्चित आम्दानीयुक्त साधनहरूमा लगानी गरी सन्तुलित ढंगले जोखिम व्यवस्थापन गर्दै लगानीकर्तालाई दीर्घकालीन लाभ दिने लक्ष्य लिएको छ। यो योजना म्युचुअल फन्ड नियमावली, २०६७ अनुसार सञ्चालन गरिने छ जसले पारदर्शिता, लगानीकर्ता संरक्षण तथा कोषको उचित व्यवस्थापन सुनिश्चित गर्नेछ।

ग्लोबल आइएमई म्युचुअल फन्ड अन्तर्गत सञ्चालनमा ल्याइने यो योजनाको इकाई मूल्य प्रति इकाई १० रुपैयाँ तोकिएको छ । कुल १२ करोड इकाई सर्वसाधारणमा निष्काशन गरिने छ भने न्यूनतम १०० इकाई र अधिकतम १.२० करोड इकाईसम्म लगानी गर्न सकिनेछ । योजना प्रारम्भ मितिदेखि १० वर्ष अवधिको हुनेछ। यो योजनामा प्राप्त मुनाफाबाट लाभांश वितरण गरिने र बाँकी रकम पुनः लगानी गरिनेछ । योजना नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सूचीबद्ध हुनेछ भने व्यवस्थापन शुल्क नेट सम्पत्ति मूल्यको १.५० प्रतिशत र डिपोजिटरी शुल्क ०.२० प्रतिशत हुनेछ । लगानी मिश्रणको रूपमा यस योजनाले ७० देखि ९० प्रतिशत इक्विटी तथा सम्बन्धित साधनहरू, ०-१० प्रतिशत निश्चित आम्दानी साधनहरू (जस्तै ऋणपत्र), ०-१० प्रतिशत फिक्स्ड डिपोजिट र नगद तथा अन्य म्युचुअल फन्डमा लगानी गर्न सक्नेछ।

ग्लोबल आइएमई क्यापिटलका अनुसार योजनाले वार्षिक औसत २२.४९ प्रतिशत प्रतिफल दिने प्रक्षेपण गरिएको छ । यस आधारमा १० वर्षमा कुल २२४.९६ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ। योजना अन्तर्गत आन्तरिक प्रतिफल दर १६.८८ प्रतिशत रहनेछ भने पहिलो ९ वर्षसम्म ८ देखि २० प्रतिशत लाभांश वितरण गरिने लक्ष्य रहेको छ । ग्लोबल आइएमई म्युचुअल फन्ड अन्तर्गत हाल दुई योजना सञ्चालनमा छन्। समुन्नत योजना १ ले ७ वर्षमा १०४ प्रतिशत लाभांश वितरण गरिसकेको छ भने १०.१६ प्रतिशत फन्ड पुनर्खरीद प्रतिफल दिएको छ । त्यस्तै, १० वर्ष अवधिको ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड १ को कोष आकार १.०२५ अर्ब रुपैयाँ रहेको छ।

यस योजनाको व्यवस्थापक ग्लोबल आइएमई क्यापिटल लिमिटेड नेपालकै पहिलो विशुद्ध मर्चेन्ट बैंकर हो जुन सन् २००८ मा स्थापना भएको थियो। ग्लोबल आइएमई बैंकको ८१.५० प्रतिशत स्वामित्व रहेको यस क्यापिटलले नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकरको लाइसेन्स प्राप्त गरेको छ। यस योजनामा लगानी गर्न इच्छुक व्यक्तिले धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सबै आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरूबाट आवेदन दिन सक्नेछन्। त्यस्तै, 'मेरो सेयर' अनलाइन प्रणालीमार्फत सि-आस्वा प्रणाली प्रयोग गरी पनि आवेदन दिन सकिनेछ। यस योजनाको निष्काशनका लागि गरिएको रेटिङमा क्रेडिट रेटिङ संस्था इक्रा नेपालले कोष प्रवर्धकलाई 'इक्रा एनपी इस्यूअर रेटिङ ए माइनस' प्रदान गरेको छ भने योजना व्यवस्थापकलाई इन्फोमेरिक्स क्रेडिट रेटिङले 'आईआरएन एएमसी क्वालिटी ३ प्लस' रेटिङ प्रदान गरेको छ।

# बेष्ट फाइनान्सको २८ औं वार्षिक साधारणसभा सम्पन्न




काठमाडौं(जस)-काठमाडौं । बेष्ट फाइनान्स कम्पनी लिमिटेडको २८औं वार्षिक साधारण सभा बुधबार सम्पन्न भएको छ । साधारण सभाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गर्नुका साथै उपयुक्त बैंक तथा वित्तीय संस्थाहरूसँग गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी प्रस्ताव पनि पारित गरेको कम्पनीले जनाएको छ । सभामार्फत प्रा.डा. रामजी गौतम, सुशीला खनाल, रामचन्द्र देवकोटा, खिमलाल पौड्याल, रामलाल श्रेष्ठ र विष्णु प्रसाद ज्ञवालीलाई सञ्चालकमा निर्विरोध निर्वाचित गरिएको छ।

कम्पनीले आफ्ना सम्पूर्ण सेयरधनी, ग्राहक, नियामक निकाय र सरोकारवालाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी र नवीनतम वित्तीय सेवामार्फत सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।बेष्ट फाइनान्स कम्पनी लिमिटेडको २८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बुधवार काठमाडौंमा भएको साधारणसभामा संस्थाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तथा उपयुक्त बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने लगाएतका प्रस्ताव पारित भएको छ। सभाले प्रा.डा. रामजी गौतम, सुशीला खनाल, रामचन्द्र देवकोटा, खिमलाल पौड्याल, रामलाल श्रेष्ठ र विष्णु प्रसाद ज्ञवाली निर्विरोधरुपमा सञ्चालकमा निर्वाचित गरेको छ।

# सिटिजन्स बैंकद्वारा हुम्ला सर्केगाडका अग्निपीडितलाई राहत वितरण




काठमाडौं(जस)-सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत हुम्ला जिल्ला सर्केगाड गाँउपालिका बडा नं ३ उनापानीमा मिति २०८२/०३/०१ गतेका दिन भएको आगलागीमा परेका ८ बटा घर पिडितहरु लाई आवश्यक राहत स्वरुप खाद्यान्न सामाग्री लगायत लत्ता कपडाहरू वितरण गरेको छ। घर जलेर घरबारविहीन भएका परिवारहरुलाई सानै भएतापनि सहयोग गर्न पाँउदा पिडितहरुको दिनचर्यामा केही दिनको लागी भए पनि सहजता आउने विश्वास बैंकले लिएको छ।

पीडितहरुलाई राहत वितरण कार्यक्रममा बैंकका कर्णाली प्रदेश सर्केगाड शाखाका शाखा प्रमुख लगायत अन्य कर्मचारीहरु तथा टोलका समाजसेवी बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो । वितरण गरिएको खाद्यान्न सामग्रीमा चामल, दाल, आलु, तेल र अन्य सामाग्री एवं लत्ता कपडाहरूमा कुकर,डाडु तथा पिठो रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले यस अघि नै देशका बिभिन्न स्थानहरुमा स्वस्थ शिविर सन्चालन, समुदायिक विद्यालय एंव मठ मन्दिर हरुमा सहयोगहरु गरिसकेका छ।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक "सिटिजन्स फोनपे क्रेडिट कार्ड"९भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एप मार्फत नै शेयर आवेदन र ऋच्ल नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६७ वटा एटिएम, ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख १२ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# सानिमा जिआइसी इन्स्योरेन्सद्वारा शैक्षिक सामग्री सहयोग




काठमाडौं(जस)-काठमाडौं- सानिमा जिआइसी इन्स्योरेन्सले सुर्खेत जिल्लाको पन्चपुरी नगरपालिका १० स्थित श्री जनज्योति माध्यामिक विद्यालयका लागि शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । कम्पनीले आवश्यक कम्प्युटर ३ थान, खानेपानी ड्रम २ थान, कपी ५०० थान, डट्पेन ५०० थान र पानी खाने बोतल ५०० थान गरी करिव २ लाख १२ हजार रुपैयाँ बराबरको सामाग्री बितरण गरेको छ। कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीले सो सहयोग गरेको हो।

सो कार्यक्रममा उक्त सामाग्रीहरु नेपाल बीमा प्राधिकरणका कर्णाली प्रदेश प्रमुख निल प्रशाद लामिछाने, सानिमा जिआइसी इन्स्योरेन्स कर्णाली प्रदेश प्रमुख गोविन्द जंग सिंह, शाखा प्रमुख सन्तोष थापा लगायतका कर्मचारीहरुबाट विद्यालयलाई संयुक्त रुपमा हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेड, कर्णाली प्रदेश प्रमुख गोविन्द जङ्ग सिंह, शाखा प्रमुख सन्तोष थापा लगायत कार्यलयका अन्य कर्मचारीहरु, पन्चपुरी नगरपालिकाका नगर प्रमुख लालवीर भण्डारी, विद्यालयका प्रधानाध्यापक कृष्ण राज ढकाल, नेपाल बीमा प्राधिकरण कर्णाली प्रादेशिक कार्यालय प्रमुख निल प्रसाद लामिछानेको सहभागिता रहेको थियो।

# टाटाको ७.७ डिल्स लाइक नेभर विफोर-स्किमको लागि विशेष अवसर कुर्नु नपर्ने




काठमाडौं(जस)-काठमाडौं। टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्राईभेट लिमीटेडले असार १९ देखि २३ गतेसम्म ७.७ डिल्स लाइक नेभर विफोर विशेष कार्यक्रम आयोजना गर्ने भएको छ । यस कार्यक्रम अन्तर्गत जुनसुकै ब्रान्डका पुराना गाडी साटेर टाटा ब्राण्डका पेसेन्जर श्रेणी अन्तर्गत नेपालमा सर्वाधिक रुचाइएका अत्याधुनिक प्रविधियुक्त नयाँ टियागो.इभी, पन्च.इभी, नेक्सन के ३.इभी, र कभ.ईभी एक्सचेन्ज तथा खरिद गर्न सकिनेछ।

'७.७ डिल्स लाइक नेभर विफोर' कार्यक्रम अर्न्तरगत ग्राहकहरुलाई लक्षित गर्दै हरेक टाटा गाडीको खरिदमा जोडीका लागि थाइल्याण्ड भ्रमण, साथै एक वर्षको अटोप्लस बीमा, दुई आर्थिक वर्षसम्मको सवारीकर (एभीटि), एसेसोरिज, वारेन्टी अवधिभर चार्जिङ सेवा, चार्जिङ बक्स सहित जडान, र एम्बोस्ड नम्बर प्लेट जस्ता सुविधा निःशुल्क रुपमा प्राप्त गर्न सक्नेछन।

सो अवसरमा ग्राहकहरुले नेपालभर रहेका टाटा मोटर्सको शोरुममा गई नयाँ तथा अत्याधुनिक डिजाइनका गाडीहरु अवलोकन तथा हरेक टेस्ट ड्राइभ, बुकिङ, र गाडी मूल्यांकन गर्दा ग्राहकहरूलाई आकर्षक उपहारहरू प्रदान गरिनेछ । एक जना विजेताले बम्पर पुरस्कार स्वरूप आइफोन १६ जित्ने अवसर समेत पाउनेछन। पाँच दिनसम्म सीमित यस कार्यक्रमको अवधिमा टाटा मोटर्सको देशभर रहेका अधिकारिक शोरूमहरूमा यो कार्यक्रम संचालन हुने छ। सिप्रदी ट्रेडिङले विद्युतीय यात्रालाई सहज, सुरक्षित र लाभदायक बनाउने प्रतिबद्धताका साथ, '७.७ डिल्स लाइक नेभर विफो' लाई उपभोक्तामैत्री र मूल्यवर्धित अवसरका रूपमा प्रस्तुत गरेको हो।

# टीएम१ का १०० भन्दा बढी युनिटहरू सडकमा गुड्दै




काठमाडौं(जस)-'कमाइको राजा' भनेर परिचित टीएम१ ले नेपालभरिका विभिन्न साना तथा मझौला व्यवसायहरूमा १०० भन्दा बढी युनिटहरू सफलतापूर्वक सञ्चालनमा ल्याएर एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । नेपाली व्यवसायीहरूबीच टीएम१ को बढ्दो लोकप्रियता र विश्वास झल्काउने यस विशेष उपलब्धिलाई केक काट्ने कार्यक्रममार्फत उल्लासपूर्वक मनाइएको छ । यस अवसरमा एमएडब्लू ग्रुपका प्रबन्ध निर्देशक विवेक सिकरिया, एमएडब्लू वृद्धि कमर्सियलका सीइओ तुषार गुप्ता, सेल्स हेड नविन आचार्य, मार्केटिङ प्रमुख प्रकाश सुवेदी लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। उनीहरूको सहभागिताले कार्यक्रममा थप उत्साह र ऊर्जा भरेको थियो।

टीएम१ आजको दिनमा नेपालमा केही अर्थपूर्ण काम गर्ने र आफ्नै व्यवसायिक यात्रा सुरु गर्ने चाहना राख्नेहरूका लागि पहिलो रोजाइको सवारी बनेको छ । चाहे ताजा तरकारी बजारमा पुर्‍याउन होस् वा पानी, दूध, ग्यास सिलिन्डर जस्ता दैनिक उपभोग्य सामान वितरण गर्न होस्, टीएम१ को भरपर्दो प्रदर्शन, उच्च दक्षता र नेपाली आवश्यकता अनुसारको डिजाइनमार्फत आफूलाई एक सक्षम व्यवसायिक सवारीको रूपमा प्रमाणित गरेको छ।

व्यवसायीलाई आफ्ना आवश्यकता अनुसार छनोट गर्न सहज बनाउने गरी टीएम१ दुई फरक साइजका लोडिङ डेक (८ फिट र १० फिट) मा उपलब्ध छ । विश्वकै नम्बर १ सीएटीएल ब्याट्रीबाट सञ्चालित यस इलेक्ट्रिक सवारीले २८० किमी एनईडीसी रेन्ज प्रदान गर्छ, जसले गर्दा यो शहरी डेलिभरीका लागि विशेष उपयुक्त मानिन्छ । एमएडब्लू वृद्धिको भरपर्दो सर्भिसका कारण टीएम१ ले कम मर्मत खर्चमै अत्यधिक फाइदा दिने सवारीको रूपमा निरन्तर आफूलाई प्रमाणित गरिरहेको छ । नेपालभरि साना तथा मध्यम व्यवसायहरूलाई सशक्त बनाउँदै अघि बढिरहेको टीएम१ का लागि यो उपलब्धि भविष्यमा आउने थुप्रै सफलताका कथाहरूको केवल सुरुवात हो।

# एलएस अटोको ईभी 'अल ह्वील ड्राइभ' मोडल नाइमा मोविलिटी एक्सपोमा लन्च हुँदै



काठमाडौं(जस)-चिनियाँ न्यू इनर्जी भेहिकल कम्पनी एलएस अटोले आफ्नो पहिलो मोडल 'एलईभी-०१'को अल ह्वील ड्राइभ मोडल तयार पारेको छ। कम्पनीले यसलाई एलईभी-एक्स नाम दिएर नेपाली बजारमा बिक्री सुरु गर्ने योजना बनाएको हो । नेपालको लागि एलएस अटोको आधिकारीक वितरक नेक्सन भेन्चरले एलईभी-एक्स आगामी महिना हुने नाइमा नेपाल मोविलिटी एक्स्पोमा लन्च गर्ने जानकारी दिएको छ।

नयाँ अल ह्वील ड्राइभ मोडल अहिले बजारमा रहेको एलईभी-०१ कै बडी डिजाइनमा आउने छ । बाहिरबाट हेर्दा उस्तै देखिएपनि भित्री फिचर भने फरक हुने कम्पनीको भनाइ छ । कम्पनीका अनुसार एलईभी-एक्समा फ्रन्ट र रियरमा गरी १९८ किलोवाटको ड्यूल मोटर सेटअप रहेको छ। साथै, ब्याट्री पनि १० किलोवाट आवर बढी क्षमताको प्रयोग भएको छ। एलईभी-०१ मा ६७ किलोवाट आवरको ब्याट्री रहेकोमा एक्स मोडलमा ७७ किलोवाट अवारको ब्याट्री रहेको छ।

एलईभी-एक्सको इन्टेरियरमा पनि केही परिवर्तन गरिएको कम्पनीले जानकारी दियो । कम्पनीका अनुसार नयाँ अलह्वील ड्राइभ ईभीमा एसी भेन्ट र इन्टेरियर डिजाइन अपडेट भएको हो । सेग्मेन्टमै धेरै २१० एमएम अग्लो ग्राउन्ड क्लियरेन्स भएको एलईभी एक्समा अल ह्वील ड्राइभ फिचर थप भएको कारण अफरोडमा ढुक्कसँग चलाउन सकिने कम्पनीको भनाइ छ। नेक्सन भेन्चरले नाइमा अटो शोमा एलईभी एक्सका अलावा प्रिमियम ह्याचव्याक सेग्मेन्टमा एलईभी-०५ समेत लन्च गर्ने योजना बनाएको छ । एलईभी-०५ नेपाली बजारमा बीवाइडी डल्फिन र नामी-०१ सँग सिधा प्रतिस्पर्धा गर्ने मोडल हो।

# स्वस्तिक लघुवित्तको आईपीओ असार २७ गतेदेखि




काठमाडौं(जस)-स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडले असार २७ गतेदेखि आईपीओ निष्कासन गर्न लागेको छ । कम्पनीले गत असार ५ गते २ करोड ३१ लाख रुपैयाँबराबरको प्रति शेयर १०० रुपैयाँ अंकित दरका २ लाख ३१ हजार कित्ता साधारण शेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो । वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि कम्पनीले कुल २३ हजार १०० कित्ता आईपीओ जारी गर्न लागेको हो।

आईपीओमा आवेदन दिने अन्तिम मिति साउन ९ गते निर्धारण गरिएको छ। कुल २ लाख ३१ हजार कित्ता मध्ये ०.५० प्रतिशतले हुन आउने १ हजार १५५ कित्ता सेयर, कर्मचारीहरुलाई ५ प्रतिशतले हुन आउने ११ हजार ५५० कित्ता शेयर सामूहिक लगानी कोषको लागि तथा १० प्रतिशतले हुन आउने २३ हजार १०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि जारी गरिनेछ।

यस आईपीओमा न्यूनतम १० कित्ता र अधिकतममा ५ हजार कित्ताका लागि आवेदन दिन सकिनेछ। वैदेशिक रोजगारीमा रहेका नेपालीले धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालय तथा मेरो सेयर अनलाइनबाट समेत आवेदन दिन सक्नेछन् । आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड रहेको छ।

जनसवाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः दरबारमार्ग, काठमाडौं, फोन/फ्याक्सः ०१-५३६५६९७/५३२१८४९, मुद्रकः एक्सप्रेस कलर प्रेस प्रा.लि., E-mail janasawalnews@gmail.com, अध्यक्ष/सम्पादकः रामजी बगाले